# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १३ भदौ २०८१

# विहीबार

# बैठक सङ्ख्या- ३६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१५ बजे प्रारम्भ भयो।

(१३:१८ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, आकस्मिक समयमा बोल्नका लागि माननीय सदस्यहरूबाट समय माग भएको छ। आकस्मिक समयमा बोल्नका लागि माननीय सदस्यहरूलाई बढीमा ५ मिनेटको समय निर्धारण गरेको छु। अब म माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य डाक्टर अन्जान शाक्य।

(१३:१९ बजे) माननीय डा. अन्जान शाक्य (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्ष महोदय, बुद्ध जन्मभूमि नेपालमा परमपूज्य संघ उपनायक वर्ष ८४ को भिक्षु गुणघोष महास्तवीरमाथि केही दिन अगाडि भीमसेनटोल धुलिखेलस्थित उहाँ नै बस्नुहुने उहाँकै विहारमा उहाँ बस्नुहुने पूर्वाराम विहारमा राति साङ्घातिक आक्रमण भएको भन्ने समाचारले सम्पूर्ण बौद्ध जगत् लगायत म अत्यन्त दुःखित् एवम् स्तब्ध भएको छु। तसर्थ उक्त घटनाको घोर भर्त्सना गर्दछु। नेपालको बुद्ध शासनिक क्षेत्रमा अत्यन्त सक्रिय रहनुभएका अन्तर्राष्ट्रिय रूपमा नै सम्मानित हुनुभएका

बौद्ध जगतमा प्रख्यात वयोवृद्ध श्रद्धेय भिक्षु गुणघोष महास्तवीरमाथि यसरी सुनियोजित रूपमा विहारमा लुटपाट गरी श्रद्धेय भिक्षुमाथि मरणासन्न हुने गरी साङ्घातिक आक्रमण गरिएको छ। यसरी एक जना वयोवृद्ध भिक्षुमाथि आपराधिक समूहले आक्रमण गर्नु भनेको बौद्ध धर्मावलम्बीहरूमाथि गरिएको कुकर्मको एउटा अत्यन्त क्रुर रूप हो। यसैले यस्तो अत्यन्त असहनीय कुकर्म गर्ने क्रुर अपराधीलाई तत्कालै पक्राउ गरी हदैसम्मको सजायँ दिन नेपाल सरकारका सम्बद्ध मन्त्रालय एवं सुरक्षा निकायसँग जोडदार माग गर्दछु । यस प्रकारका आपराधिक घटना भविष्यमा पुनः हुन नदिन तथा श्रद्धेय भिक्षुगणहरूको जीउधनको सुरक्षाको यथोचित उपायसमेत अवलम्बन गर्न गराउन तथा बौद्ध विहारहरूको सुरक्षा गर्नसमेत नेपाल सरकारसँग जोडदार माग गर्दै गम्भीर घाइते हुनुभएका संघ उपनायक श्रद्धेय भिक्षु गुणघोष महास्तवीरको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य आनन्द प्रसाद ढुङ्गाना।

(१३:२० बजे)<u>माननीय श्री आनन्द प्रसाद ढुंगाना (नेपाली काङ्ग्रेस)</u>ः- सम्माननीय अध्यक्ष महोदय, यही नेपालको हुलाकी सडकलाई मधेशको लाइफलाइन भनिन्छ। यो आजभन्दा ३० वर्ष पहिलेदेखि नै जब ०४६ सालमा बहुदल आयो, त्यो बेलादेखि नै हुलाकी सडकको बारेमा साह्रै नै जनताहरूले कुरा उठाएका कारणबाट हामीले सदैव हुलाकी राजमार्ग बन्नुपर्छ, जसले गर्दाखेरि कमसेकम मधेशको विकास हुनसक्छ भन्ने कुरा हामीले राख्दै आयौं। अनि त्यसै अवस्थामा तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले भारतसँग कुरा गरेर त्यही सडक बनाइदिने निर्णय भएको थियो। तर त्यो विभिन्न कारणले गर्दाखेरि अहिलेसम्म बन्न सकेको थिएन। तर पछि आएर त्यसलाई चाहिँ नेपाल सरकारले बनाउने तर त्यसको परिपूर्ति चाहिँ पैसाको परिपूर्ति चाहिँ भारत सरकारले दिने भन्ने तय भयो। त्यसै अनुसार त्यो सडक अहिले बन्दैछ। तर अध्यक्ष महोदय, सबभन्दा समस्या कहाँ छ भने सडक त बन्दैछ। सडकमा चाहिँ गएर बन्दाखेरि कमलामा चाहिँ गएर पुल बन्न थाल्यो। पुल चाहिँ २ पटक चाहिँ टेन्डर लागिसक्यो। त्यसको बारेमा त्यो पुल चाहिँ लच्केको छ। पुल भत्कँदैछ। त्यसलाई चाहिँ गएर त्यहाँका जनताहरूले धेरै पटक धर्ना गरे, डेलिगेशन गए, विभिन्न काम गरे तर चाहिँ गएर सरकारले ध्यान नदिएपछि स्वाभाविक रूपमा चाहिँ युवाहरूले तपाईंको अनशन गरे। जनकपुरमा प्रदेश कार्यालयको अगाडि अर्थात् चाहिँ cheif मुख्य मन्त्रालयको अगाडिमा आमरण अनशन सुरु गरिसकेपछि मुख्य मन्त्रीले तपाईंको चाहिँ त्यहाँ गएर एग्रिमेण्ट गरे। र नयाँ पुल निर्माण गरिदिन्छु भनेर भनेका छन्। नयाँ पुल बनाइदिन्छु तर नयाँ

पुल निर्माणका लागि आवश्यक बजेट संघीय सरकारको आगामी बजेटमा विनियोजन गर्न पहल गर्ने, यो सम्भव नभए सम्पूर्ण रूपमा प्रदेश सरकारले गर्ने भन्ने चाहिँ उनीहरूले एग्रिमेण्ट गरेका छन्।

अध्यक्ष महोदय, आज म के आग्रह गर्न चाहन्छु भने त्यो हुलाकी राजमार्ग कुन रूपमा बन्यो भने त्यो हुलाकी राजमार्ग अन्तर्गत कमला पुल त्यसपछि वागमती पुल, त्यसपछि बकैया पुल भलोरी पुल अर्थात् भनेको मतलब राजविराजदेखुन् तपाईंको चाहिँनि पर्सासम्म पुग्नका लागि यो ४ वटा पुलको अनिवार्यता भएको कारणबाट त्यो पुलहरूको पनि ठेक्का पट्टा लागेको छ र त्यो पुलहरूको अवस्था के छ भनेदेखुन् ०६८ सम्ममा चाहिँ गएर २४ करोड चाहिँ लागेको कमला पुलको हालत त्यो छ। त्यसपछि अध्यक्ष महोदय, ०६७ मा लागेको ३५ करोड ७९ लाखको पुलको हविगत अहिलेसम्म सुरु पनि भएको छैन। त्यस्तै चाइने बकैया पुलको चाइने गएर ०७१ मा लागेको १४ करोड ९३ लाखको पुलको पनि सुरुवात भएको छैन। यो भलोरी पुल चाइने गएर ०६६ सालमा लागेको २ करोड २२ लाखको पनि पुलहरू सुरु गरिएका छैनन्। यसले के देखिन्छ भने एउटा सडक जो चाइने गएर मधेशको लाइफलाइन हो, त्यसलाई बनाउनका लागि पनि पुलहरूको तपाईंको ठेक्का लाग्ने, ठेकेदारले काम नगर्ने र एकपल्टको पुल दुई पटक ठेक्का लाग्ने त्यो काम नगरेको अवस्थामा पनि सरकारले त्यसप्रति गएर चासो नदेखाएको हुनाले के अब सरकारलाई जनताले अनशन गरेपछि मात्रै सडक बन्ने, अनशन गरेपछि मात्रै पुल बन्ने, अनशन गरेपछि मात्रै अस्पताल बन्ने, अनशन गरेपछि मात्रै जनताले चाहिँ गएर विकासका कुरा पाउने हो भने अध्यक्ष महोदय, यो धेरै नै राम्रो कुरा हुँदैन। त्यसैले म के आग्रह गर्न चाहन्छु भने अध्यक्ष महोदय मार्फत् कि नेपाल सरकारले चाहिँ गएर यो सब कुराहरूमा जो एग्रिमेण्ट गरेर पैसा पनि ठेकेदारहरूले लिइसकेको छ। ती ठेकेदारहरूले बनाउँदैन भने ती ठेकेदारहरूमाथि कारवाही हुनुपर्यो, कारवाही भएर चाहिँ त्यो तत्काल पुल चाहिँ गएर व्यवस्थापन गर्नुपर्यो। जसले गर्दाखेरि जुन उद्देश्यबाट हुलाकी राजमार्ग बन्यो भने मधेशको प्रगति हुन्छ भनेर सोचिएको छ, त्यो चाहिँ परिपूर्ति होस् भन्ने आग्रह गर्न चाहन्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य वामदेव गौतम।

(१३:२६ बजे)<u>माननीय श्री वामदेव गौतम (मनोनीत)</u>:- सम्माननीय अध्यक्ष महोदय, नेपालको भूगर्भिक अवस्थाको अध्ययन नगरी निर्माणका जथाभावी काम गर्नाले आज प्रतिदिन नेपाली

नागरिक र नेपाल भ्रमणमा आउने विदेशी नागरिक मरेको मर्यै छन्। कुनै दिन खाली छैन। नेपालका सबै सडकहरू र करिडोरमा बनेका नदीहरू ज्यानमारा संरचना बनेका छन्। यो सम्झेर कुनै नेपालीको आँखामा आँसु जलमग्न नभएको होला र? तर म आज आँसु झारेर या नझारीकन रुनका निम्ति यहाँ खडा भएको छैन। आँसु झार्ने अवस्था कसरी समाप्त पार्न सकिन्छ भनेर सम्माननीय अध्यक्षमार्फत् नेपाल सरकारको यही बेला ध्यानाकर्षण गर्न यहाँ खडा भएको छु।

सबभन्दा पहिले सत्य के हो भने कुनै पनि समस्या चाहे त्यो भूगर्भिक होस्, चाहे मानवीय होस्, चाहे भूसतहको होस्, त्यसको कार्यकारिणी सम्बन्ध हुन्छ अथवा बिनाकारण कुनै घटना घट्दैनन् र कुनै समस्या पैदा हुँदैनन्। दोस्रो के हो भने कारण पत्ता लगाउन घटनाको सबै कोणबाट विश्लेषण गर्न सक्नुपर्छ। त्यसपछि सबै कारण एक-एक गरेर प्रकट हुनेछन्। यसको अर्थ के पनि हो भने हरेक घटना, दुर्घटनाले सँगै उपाय पनि ल्याएका हुन्छन्। तेस्रो उपाय के हो भने अहिले उत्पन्न भएका समस्या मेरो विचारमा ८०% भौगर्भिक र २०% मानवीय र भूसतहका छन् अथवा अहिले भोगिरहेको समस्या भूगर्भिक हुन्। चौथो उपाय के हो भने प्रकृतिप्रदत्त अथवा मानवप्रदत्त संरचनाहरूको यथार्थ जानकारी प्राप्त गर्न चीन र इजरायलबाट त्यस सम्बन्धी ज्ञान भएका मैले यसकारण भनिरहेको छु कि संसारमा त्यहीँ सबभन्दा धेरै वैज्ञानिकहरू छन्। वैज्ञानिकहरूलाई नेपालमा केही समयको लागि बोलाइयोस् र नेपालमा रहेका हाम्रा वैज्ञानिकहरूसँग बसेर एउटा गोलमेच सम्मेलन गरियोस्।र यो योजनाको सम्बन्धमा विस्तृत छलफल गरियोस्। पाँचौ उपाय के हो भने हाम्रा सम्पूर्ण हिमतालहरू, पहाडहरू, नदीहरू, नहरहरू, बाँधहरू, सबै सडक संरचनाहरू, नेपाली जनता बसोबास गर्ने आवास, संरचनाहरू, सहर बजारमा रहेका सबै संरचनाहरू, पहिरोहरू तथा अन्य अध्ययन गरिनुपर्ने संरचनाहरू यसै सित सम्बन्धित भएर, हवाई सर्वेक्षण गरेर अनेक उपाय गरेर त्यसको अध्ययन गरियोस्। उपरोक्त काम सकेसम्म १ महिनाभरि सक्ने गरी योजना बनाउनुपर्ने देखिन्छ। लामो समय राख्न सकिँदैन। त्यसबेलासम्म नेपालका सबै सडकहरू बन्द गरिनुपर्छ र त्यसको ठाउँमा हवाई यातायात सुरु गर्नुपर्छ। र हवाई यातायात सुरु गर्दाखेरि त्यसलाई सरकारले कतिसम्म सरकारले कम गर्न सक्छ त्यतिसम्म चाहिँ कम गर्न तयार हुनुपर्छ। १ महिनाभित्र सबै सडकहरूको सम्पूर्ण अध्ययन गरिसकेपछि यो तुरुन्त निर्माण गर्नुपर्ने हो। तुरुन्त निर्माण गर्ने सडकलाई तुरुन्तै निर्माण गरेर चलाइहाल्ने नभएकाहरूलाई त्यो निर्माण गर्न सुरु गर्ने र भनेको समयमा पूरा गर्ने। धन्यवाद।

<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य भुवन बहादुर सुनार।

(१३:३० बजे)<u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, आज म घटना विशेषलाई लिएर विषय राख्दैछु। अन्तर जातीय प्रेम र हत्या, म्याग्दी, गण्डकी प्रदेश। म्याग्दी जिल्लाको बेनी नगरपालिका-९, तोरीपानी घर भएको १९ वर्षीय मीना परियार, स्थानीय गलेश्वर मा.वि. कक्षा ११ मा अध्ययनरत थिइन्। छिमेकी राम खत्रीसँग उनको हिमचिम भएको कुराहरू उनका साथीहरूले बताउँथे। र एकाएक २०८० पुष १६ गते ११:१५ बजे राति घरबाटै बेपत्ता भएकी थिइन्। र छोरी बेपत्ता भएपछि उनका बुबाले धेरै ठाउँमा खोजीतलासी गरे। र पछि राम कार्कीले नै बेपत्ता गराएको उजुरी गरे। तर प्रहरीले उजुरी दर्ता गर्न नै आनाकानी गर्‍यो। पहुँच, धाक, धम्कीका बीचमा सङ्घर्ष गरेर मीना परियार बेपत्ता भएको जाहेरी दर्ता भएपछि प्रहरीले गिरफ्तार गर्‍यो, मुद्दा चल्यो, सबैले बेपत्ता पार्ने अपराधी राम खत्री नै हो तर खत्रीले प्रहरी र अदालतमा इन्कारी बयान दिँदै त्यो मुद्दालाई सामान्यीकरण गर्ने, अपराधीलाई उम्काउने चाहिँ प्रपञ्चहरू भए। सुरुमा प्रहरीले जाहेरीमै आनाकानी गर्‍यो।दोस्रोमा अनुसन्धान र अभियोजनमै चासो दिएन। मुद्दाको स्वरूप फेर्न ठुलो प्रयास भयो। अनुसन्धान फितलो कमजोर बनाउन दबाब आइरह्यो र खत्रीले माया प्रेम गरे पनि बेपत्ता र हत्या नगरेको बयान दिइरहे। र इन्कारी बयान दिइरहेको बेलामा मीना परियार र राम खत्रीबीच प्रेम र शारीरिक सम्बन्धबाट गर्भवती रहेको, रामले पटक पटक गर्भपतन गर्न दबाब दिएको फेसबुक मेसेन्जरहरूबाट जानकारी भयो। यी कुरा स्वीकार गरे पनि ६-७ महिनापछि बेनी-९, गिटिनी काली मूल जङ्गलमा गाडिएको अवस्थामा शव २०८० साउन २७ गते फेला पर्‍यो। चप्पल, सल, सुनको सिक्रीबाट पहिचान भयो। अस्पताल पोखराका अनुसार धारिलो हतियार प्रयोग गरी हत्या गरेको कुरा खुल्यो। र प्रेमिकाका छिमेकी २१ वर्षीय राम खत्रीसमेत ५ जना आमा, दाजु भाई र सालासमेतलाई हत्या अभियोजनमा बुबा चन्द्रे नेपाली परियारले साउन ३० गते जाहेरी दिएका छन्। साथै, बेनी बजारमा आफन्तहरूले आज पनि जुलुस गरिराखेका छन्।त्यहाँ चाहिँ आक्रोश पैदा गरिराखेका छन्। र अन्त्यमा अपराधीहरूलाई जन्म कैदको सजायको जोडदार माग गर्दछु।

र यही समयमा आजसम्म चाहिँ २१ जना महिलाहरू चाहिँ प्रेम, अन्तर जातीय प्रेम र प्रेमपछि हत्या गरिएका घटनाहरू म यसप्रकार जानकारी गराउँछु- मीना परियार, म्याग्दी-बलात्कार, गर्भवती र हत्या।दुई, सेते दमाई, दैलेख-०६८, छोराले अन्तर जातीय विवाह गरेको कारणले बुबाको हत्या।तिन, शिव शंकर दास, सप्तरी-०६८, अन्तरजातीय विवाह र हत्या।झुमा विश्वकर्मा, ताप्लेजुङ-०७० साल, जातीय छुवाछुत र हत्या।गीता परियार, तनहुँ - ०७०, अन्तर जातीय प्रेम र हत्या।लगायतका यसरी महिलाहरूमाथि हत्या र हिंसा चाहिँ बढिरहेको छ। यसमा यो समुदायले

मात्रै हैन सम्पूर्ण महिलाहरूले पनि यो विषयमा चाहि बोल्नुपर्छ भन्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु। हस्त, धन्यवाद।

(१३:३४ बजे)<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू आकस्मिक समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेट समय निर्धारण गरेको छु। सर्वप्रथम, माननीय सदस्य इन्दिरा देवी गौतम।

(१३:३५ बजे)<u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, वर्षायाममा भएका बाढी, पहिरो डुबानबाट उत्पन्न जोखिमको पीडा भोगेका जनताहरू जो दुर्गम, विकट अव्यवस्थित बस्ती विकासका कारण होचा, साँघुरा स्थानमा समेत अव्यवस्थित बसोबास गर्न बाध्य छन्। त्यस्तो अवस्थाका जनताका बारेमा समेत ध्यान दिँदै वर्षापछि उत्पन्न हुने झाडापखाला, डेंगु, टाइफायड, सर्पदंश जस्ता महामारी रोग नियन्त्रण र न्यूनीकरणका लागि शुद्ध खानेपानी, जनचेतना अभियानका कार्यक्रमहरूका साथै स्वास्थ्य केन्द्रहरूमा उपयुक्त सबै किसिमका औषधिको अभाव हुन नदिने गरी समयमै उपलब्ध गराउने व्यवस्था मिलाई सरकार मेरो अभिभावक हो भन्ने विश्वास जनताले गर्ने गरी जनतालाई सहज उपचारको व्यवस्था गरियोस् भन्न चाहन्छु। हस्त, धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१३:३६ बजे)<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, तीज महिलाहरूको विशेष पर्व हो। तीज चेली र माइतीको मिलनको पर्व हो। चेलीलाई माईतीले बोलाएर मीठो मसिनो खुवाउने महत्त्वपूर्ण चाड हो। चेलीहरू आफ्नो गच्छे अनुसार गहना, कपडाले सजिसजाउ भएर आफू भन्दा ठुलासँग आशीर्वाद माग्दै नाच्ने, गाउने यस सांस्कृतिक पर्वको अवसरमा म सबै नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। तीजका

गीतनाचमा देखिएका विकृति, विसङ्गतिहरूको अन्त्य गर्नको लागि हामी सबैले पहल गरौं भन्ने कुराहरू राख्न चाहन्छु। हस्त, धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य गोपाल भट्टराई।

(१३:३७ बजे)**<u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, नेपालमा तारे होटलहरूमा क्यासिनो सञ्चालन हुन्छ।र केही अरू संघ संस्थाहरूले पनि सञ्चालन गर्छन् र त्यो स्वीकृति पाएका हुन्छन्। त्यसमा नेपालीहरूलाई त्यहाँ जाने अनुमति हुँदैन। तर पनि हिजो एउटा पोखराबाट एउटा समाचार आएको छ। एकजना युवाले ९५ लाख हारेछन्। श्रीमतीले विदेशबाट कमाएर ल्याएको पैसा र घडेरी समेत बेचेर उनले त्यो घरको अवस्था, आर्थिक अवस्था नाजुक बनाएछन् र श्रीमती माइत गएर सम्बन्ध विच्छेद गर्नेसम्मको अवस्था रहेको छ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गोपी बहादुर सार्की अछामी।

(१३:३८ बजे)**<u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, उदयपुर जिल्लाको कटारी नगरपालिका यो चाहिँ खोटाङ, सिन्धुली, सोलु, ओखलढुङ्गा, महोत्तरी, धनुषा, रामेछाप, उदयपुर लगायतका जिल्लाहरूको चाहिँ केन्द्रजस्तो पनि पर्छ र प्रादेशिक हिसाबले पनि ३ वटा प्रदेश कोशी, मधेश र वागमती प्रदेशको चाहिँ केन्द्र पर्ने भएको कारणले गर्दाखेरि उदयपुर जिल्लाको कटारी नगरपालिकाका सबै राजनीतिक पार्टीहरूको पनि साझा ऐक्यबद्धता पनि भएको कारणले गर्दाखेरि त्यहाँ मेडिकल कलेज स्थापना गरियोस्। यो बजेटमा उदयपुरमा भनिएको छ तर उदयपुरको चाहिँ स्पेसल ठाउँको रूपमा चाहिँ कटारीमा नै मेडिकल कलेज स्थापना गरियोस् भन्ने माग राख्न चाहन्छु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य जगप्रसाद शर्मा।

(१३:३९ बजे)<u>माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, लुम्बिनी प्रदेश, दाङ जिल्ला, तुलसीपुर उपमहानगरपालिकामा झण्डै विगत १२ वर्ष यता ४ जनाको हत्या भएको छ।हेमराज घिताल- २०६७ साउन ६ गते। बुद्धि बहादुर केसी-२०६८। राजकुमार श्रेष्ठ-२०७४ जेठ २६ गते।रत्न बहादुर ओली- २०७४ वैशाख २९ गते।यी ४ जनामध्ये १ जनाको मात्र दोषी पत्ता लगाएर कारवाही प्रोसेस अगाडि थालेको छ। बाँकी ३ जनाको १२ वर्ष, ०६८ देखि यहाँसम्म आउँदा झण्डै १२ वर्ष भयो। यो १२ वर्षको बीचमा उनीहरूको हत्यारालाई पत्ता लगाउने, अनुसन्धान गर्ने प्रक्रिया कहाँ पुगेको छ? म सम्बन्धित निकायको सम्माननीय अध्यक्षमार्फत सम्बन्धित निकायको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१३:४० बजे)<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, यो काठमाडौं-तराई मधेश द्रुत मार्ग फास्ट ट्र्याक पनि भन्छौं। यो ०८१।८२ मा पूरा गर्ने योजना थियो। यो के भइरहेको छ यसको कार्यप्रगति, यो ०८२ सम्म पूरा हुन्छ कि हुँदैन भन्ने मेरो जिज्ञासा। सुनकोशी-मरिन डाइभर्सन समयमा पूरा हुन्छ कि हुँदैन? यसले तराईका चाहिँ ५ वटा जिल्लालाई चाहिँ कृषिको लागि ठुलो सहायता गर्नु थियो। यस्तै जलवायु परिवर्तनको कारण बाढी, पहिरो, डुबान र हिमताल फुटेर चाहिँ मानवीय क्षति भइरहेको छ। र धनजनको पनि ठुलो क्षति भएको छ। त्यसले गर्दाखेरि चाहिँ यो के, कति, कहाँ क्षति भएको छ। रोकथामको लागि सरकारले के पहलकदमी गरिरहेको छ। यसको तत्कालीन र दिर्घकालीन योजना के छ? यसको बारेमा जानकारी गराउन म सम्माननीय अध्यक्षमार्फत सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु।धन्यवाद।

(१३:४१ बजे)<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, माननीय सदस्यहरू शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

मानननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। सर्वप्रथम, माननीय सदस्य तुलसा कुमारी दाहाल।समय १० मिनेट। यसपछि माननीय सदस्य जगप्रसाद शर्मा।

(१३:४१ बजे)<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, आजको यो विशेष समयमा आफ्ना केही धारणाहरू राख्न चाहन्छु। राजनीतिक दलको समीकरण फेरियो। नेकपा एमाले र नेपाली कांग्रेसको बीच साझा सहमति भयो। सरकार बन्यो। साझा सहमति भएका छन् र यो अवस्था वस्तुगत कारणले पनि आएको हो।कुनै अचम्म मान्नुपर्ने, आत्तिनुपर्ने, के के न हुन लाग्यो भन्नुपर्ने स्थिति होइन।किनभने विगतमा पनि यस्ता सहकार्य, गठबन्धन भएको इतिहास छ र थिए र भविष्यमा पनि नहोला भन्न सकिँदैन।यो सहकार्यका विषय र सन्दर्भलाई लिएर टिकाटिप्पणीहरू गर्नु, नकरात्मक सन्देश प्रवाह गर्नु कतिपय व्यक्तिको पेसा र धर्म बनेको देखिन्छ।

सम्माननीय अध्यक्ष महोदय, मूल प्रश्न के हो भने किन पहिलो ठुलो राजनीतिक दल कांग्रेस र दोस्रो दल नेकपा एमालेको बीचमा चाहिँ सहमति भयो र सरकार बन्यो भन्ने अवस्था, सहकार्यको अवस्था आयो भन्ने विषय महत्त्वपूर्ण छन् भन्ने मलाई लाग्दछ। र यी २ दलबीच ७ बुँदे साझा सहमति पनि भएको छ। आमजनताको चाहना बमोजिम राष्ट्रिय हितको रक्षा गर्न भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न राष्ट्रको विकास निर्माणमा तीव्रता दिन आधाअधुरा आयोजनाहरू पूरा गर्न र राजनीतिक स्थिरता कायम गर्नको लागि यो सरकार बनेको हो।यो साझा सहमतिको बुँदामा राखिएका छन्। यसले राजनीतिक स्थायित्वका लागि संविधान लागू भएपछिका अभ्यासहरूमा देखा परेका सबल र दुर्बल पक्ष, चुनौती र जटिलतालाई आवश्यक संशोधन गर्ने पनि भनेको छ। यस विषयमा अचम्म मान्नुपर्ने केही छैन, राम्रै विषयवस्तु हो भन्ने मलाई लागेको छ। २०७२ सालमा र २०७७ सालमा गरी २ पटक संविधान संशोधन भएको छ। र संविधान संशोधनको विषय उठाइरहँदा यो नौलो हैन। यसका आफ्नै प्रक्रियाहरू हुन्छन्, त्यो प्रक्रिया पूरा गरेर नै संविधानको संशोधन हुने हो।राष्ट्रिय सहमतिको पनि आवश्यकता पर्छ।संविधानको धारा २७४ अनुसारै गर्ने हो।प्रक्रियामा लगेर मात्रै संशोधन गर्न सकिन्छ।फेरि संविधान संशोधनको विषयमा सबैको सहमतिको पनि आवश्यकता हुन्छ। सबै मिलेर नै गर्ने हो। यसमा अनावश्यक शङ्का नगरौं भन्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, कहाँनिर ठुला दलको नाममा रजगज गर्न खोज्यो भन्ने कुरा पनि कतै उठिरहेको छ। ठुला दलको नाममा रजगज गर्न खोजेको देखिँदैन। संविधान अनुकूल चल्नुपर्छ भन्ने हो। समावेशी समानुपातिक प्रणाली हटाउन लाग्यो। यो गणितीय हिसाबले सरकार बन्यो भन्ने पनि चिन्ता आइरहेको छ। सबैलाई म के भन्न चाहन्छु भने सबैलाई जानकार भएकै विषय हो। सरकार त सङ्ख्याकै आधारमा गणितीय आधारमै बन्ने हो र बन्दै पनि आएको छ। रजगज कहाँनिर कसरी गर्यो र निष्कर्ष निकाल्ने बेला अलि भएको छैन भन्ने मलाई लागिरहेको छ।

यो सरकारको साझा सहमतिको अर्को विषयवस्तु अर्थतन्त्रमा आएको विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने, आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र मर्यादित रोजगारी सिर्जना गर्ने पनि हो।सरकार बनेको धेरै भएको छैन। सरकारले प्रतिफल दिएन, कुहिरोको काग बन्यो भन्ने कुन सरकारलाई भन्न खोज्नुभएको हो? काम गर्न सक्तैन भने कुर्चीमा बसिरहन पनि आवश्यक छैन यो उक्ति ठीकै हो, काम गर्न सक्तैन भने कुर्चीमा बसिरहन आवश्यक छैन। तर यो भनिहाल्ने बेला भएको छैन होला जस्तो मलाई लागिरहेको छ।

सम्माननीय अध्यक्ष महोदय, प्रधानमन्त्री जनता र सदनप्रति जवाफदेही हुनुपर्छ। मन्त्रीहरू प्रधानमन्त्री र सदनप्रति जनताप्रति जवाफदेही हुनुपर्छ। प्रधानमन्त्रीले हप्ता-हप्तामा मन्त्रीहरूको कामको ब्रिफिङ लिनुभयो, रिपोर्टिङ लिनुभयो भन्ने यो कुनै आत्तिनुपर्ने विषय होइन। यो हुनुपर्ने विषय हो। नयाँ अभ्यासको थालनी गर्नुभएको छ। यसमा शङ्का नगरौं भन्न चाहन्छु। यो प्रक्रियागत कुरा पनि हो। नयाँ अभ्यासको सुरुवात गर्नुभएको छ। राष्ट्रिय सहमतिको सरकारको नेतृत्व २ वर्ष सम्माननीय प्रधानमन्त्री केपी ओलीले गर्ने र त्यसपछि बाँकी अवधि २०८४ मङ्सिरमा हुने निर्वाचनसम्म नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाले गर्ने भनेर प्रष्ट रूपमा साझा सहमतिमा लेखिएको छ। कहाँनिर अस्पष्ट भयो, कहाँनिर नबुझिने भयो। सबै कुरा सहमति भएको कुरा छर्लङ्गै छन् भन्न चाहन्छु।

अर्को सहमतिको विषय भनेको २ प्रमुख राजनीतिक दलको नेतृत्वदायी भूमिका र समानताका आधारमा, समान हैसियतको आधारमा सहभागी हुने अन्य राजनीतिक दललाई समेत सरकारमा सामेल गर्ने भनिएको छ। कुनामा पारियो अथवा अथवा कुनामा परियो भन्ने गुनासा आवश्यक छैन भन्ने मलाई लाग्छ किनभने राष्ट्रिय सहमतिको सरकारलाई आव्हान गरिएकै थियो। हजुरहरू आफै कुनामा बस्दै हुनुहुन्छ। यस्तै अर्को सहमति संविधानको मर्म र भावना अनुरूप प्रदेश सरकार गठन

गर्ने भन्ने छ। जन भावना अनुसार प्रदेश र स्थानीय तहमा हुने विकास निर्माणको कार्यलाई तीव्रता दिने भनेको छ। यो संवैधानिक व्यवस्था पनि हो।

सम्माननीय अध्यक्ष महोदय, वर्तमान सरकारका साझा सहमतिका विषयवस्तुहरू स्पष्ट रूपमा बुझ्न सकिने गरी लेखिएका छन् र सहमति अनुसार नै काम हुँदै गएको छ कि छैन भन्ने विषय चाहिँ मूल प्रश्न हो। कार्यान्वयनको विषयमा निगरानी गर्ने, खबरदारी गर्ने, सही सल्लाह र सुझाव दिने काम र परिणाम निस्केको छ कि छैन भनेर हेर्ने काम संसदको हो, प्रतिपक्षको हो र हामी सबैको हो। मेरो आग्रह के हो भने अलिक समय यो सरकारलाई काम गर्न दिऔँ। कहीं कतै काम बिगार्यो भने खबरदारी गर्नुपर्छ। फेरि पनि यो काम हाम्रो नै हो। प्रतिपक्षकै हो। सरकारलाई सही बाटोमा हिँडाउनको निम्ति सरकार अविच्छिन्न सरोकारवाला निकाय पनि हो। अघिल्लो सरकारले गरेका सकारात्मक राम्रा कामलाई निरन्तरता दिने पनि यसले गर्छ। योजना र कार्यक्रमहरूलाई लागू गर्ने दायित्व पनि यो सरकारको हो। त्यो भएको हुनाले यो सरकारको निरन्तरता पनि हो भनेर हामीले यसरी बुझ्नुपर्छ होला। दिन कस्तो रह्यो भन्ने सङ्केत बिहानीले दिन्छ भने झैं यो सरकारले टीआरसी विधेयकमा संसदमा ल्यायो र पास पनि भयो। के यो सकारात्मक कदम हैन र? दिर्घकालीन शान्ति स्थापना गर्न, द्वन्द्वको घाउमा मलहमपट्टी लाउन खोज्नु र लामो समयदेखि स्थगित रहेको यो शान्ति प्रक्रियालाई टुङ्ग्याउन खोज्नु यो सकारात्मक कुरो हो जस्तो लाग्छ। संविधान संशोधनको विषयमा पनि बहस हुन्छ, छलफल हुन्छ, सहमतिबाटै गर्ने हो, लुकाएर गोप्य रूपमा केही पनि गर्न सकिँदैन र खुल्ला रूपमै गर्न सकिन्छ। यसमा हामी सबैको सहकार्य हुन्छ भन्ने कुरो अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, यो सरकारले गर्नुपर्ने जनताका तत्कालीन केही समस्याका कुराहरू छन्। बढ्दो महँगीलाई नियन्त्रण गर्ने कुरो, थालिएका आधा-अधुरा योजनाहरूलाई पूरा गर्ने कुराहरू यो सरकारले तत्कालीन रूपमा कार्यनीति, रणनीति बनाएर गर्नुपर्ने हुन्छ। २०१३ सालमा बनेको विकास समिति ऐनमार्फत भएका गठन आदेशका माध्यमले स्थापित भएका संस्थाहरू कतिपय क्रियाशील छन् र कतिपय निष्क्रिय अवस्थामा छन्। ती संस्थाहरूको अनुगमन, निरीक्षण गरेर तिनीहरूलाई यदि आवश्यक छ भने ती संरचनाहरूलाई चाहिँ कानुनद्वारा व्यवस्थित गर्नुपर्यो। गठन आदेशबाट बनेको ऐनहरू जुन ०१३ सालमा बनेका ऐनहरूलाई अहिले पनि हामीले बोकेर लिएर हिँडिरहेका छौं, यसतर्फ सरकारको ध्यान जान आवश्यक छ। जनताका जनजीविकाका समस्याहरू अहिले बाढी पहिरो गइरहेको छ, जनजीविकाको क्षति भइरहेको छ।यसतर्फ सरकारको के योजना छ। तराईका बस्तीहरू डुबानमा परिरहेका छन् र यतातिर सरकारको ध्यान के छ?

जनताको दैनिक जीवनयापनका सम्बन्धमा सरकारले चाल्नुपर्ने कार्यनीतिक सवालमा चाहिँ यो सरकारले गर्नुपर्ने हुन्छ।

सम्माननीय प्रधानमन्त्रीले अन्तर मन्त्रालय समन्वय सहकार्यको लागि प्रयास सकारात्मक छ। संविधानले निर्धारण गरेका साझा अधिकार सूचीका बन्न बाँकी ऐनहरू जुन छन्, संघले बनाउनुपर्ने त्यो ऐनहरूको थालनी गर्नुपर्यो। कतिपय ऐनहरू संशोधनको माध्यमले पनि परिमार्जन गर्नुपर्नेछ। त्यो भएको हुनाले वर्तमान सरकारले चाहिँ तत्कालीन र दिर्घकालीन योजना बनाओस् र त्यहीअनुसार चाहिँ चलोस् र संसदमा उठेका, जनताले उठाइरहेका जनताका जनजीविकाका सवालसँग र अहिले नजिकै चाडपर्व पनि आइरहेको छ। यो भड्किलो सांस्कृतिक परम्परा महिलाहरूले जुन ल्याइरहनुभएको छ, यसलाई नियन्त्रण गर्ने उपाय पनि सरकारसँग हुनुपर्यो। अहिले भड्किलो हाम्रो सामाजिक, सांस्कृतिक जुन एउटा परम्परालाई चाहिँ विस्थापित गर्ने गरी इतिहासलाई नै कलङ्क गर्ने गरी जुन कुरा अगाडि बढिरहेको छ तीजको नाममा उच्छृङ्खल सांस्कृतिक परम्परा जुन छ यसलाई चाहिँ नियन्त्रण गर्नको निम्ति सरकारले पहलकदमी लिनु आवश्यक छ। यसतर्फ सरकारले सोचोस् र यो मैले यहाँ राख्न खोजेको साझा अधिकारको जुन सूची छ, यो प्रष्ट छ। केही समय सरकारलाई काम गर्न दिऔं, त्यसपछि यो सरकारले सकारात्मक र राम्रो काम गर्न सकेन भने फेरि पनि हामी त्यसलाई सजग गराउने, सतर्क गराउने र हामी गर्न सक्छौं भन्ने कुरो म अनुरोध गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, आज देशमा पर्यावरणीय कुराहरूले ठुलो असर पारिरहेको छ। अहिले ठुलो मानवीय क्षति भएको छ। दैनिक घटना नघटेको कुनै दिन पनि छैन। यसको लागि चाहिँ सरकारले कार्यनीतिक केही योजनाहरू बनाएर लागू गर्नको निम्ति र अहिले थोरै दिनमा केही कुरा राम्रै पनि गरेको छ, अझै अगाडि बढोस्, राम्रो काम गर्न सकोस् भनी शुभेच्छासहित आफ्नो भनाइ यहीँ अन्त्य गर्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य जगप्रसाद शर्मा।समय १५ मिनेट। यसपछि माननीय सदस्य कमला पन्त।

(१३:५१ बजे)<u>माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय माननीय सदस्यहरू, म आज सीप चल्ने, श्रम चल्ने तर पानी नचल्ने एउटा त्यस्तो समुदायको बारेमा म केही कुराहरू राख्न गइराखेको छु। सबभन्दा पहिला हाम्रो दृष्टिकोण जे बन्छ, त्यो व्यवहारबाट बन्छ। खासगरी ऐतिहासिक भौतिकवाद कुनै पनि वस्तु वा

घटनाक्रमलाई त्यसको सकारात्मक र नकरात्मक पाटा पक्षबाट केलाउने र बुझ्ने कोण भनेको आफ्नो दृष्टिकोण हो। यो अर्थमा ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट यो समस्यालाई मैले यसरी केलाउने गरेको छु। किनकी यो दृष्टिकोण व्यावहारिक र वैज्ञानिक छ। यो दृष्टिकोण जनता र राष्ट्रको पक्षमा छ। जनता र राष्ट्र सँधै र निरन्तर परिवर्तन र समृद्धिका पक्षमा हुन्छन्। परिवर्तन र समृद्धि एउटै सिक्काका दुईटा पाटा हुन्। तसर्थ, सबै घटनाक्रम, वस्तु विकसित छन्, विकासवान् छन्, अगाडि बढिराखेका हुन्छन्, यो दृष्टिकोणबाट हेर्दा नेपाली समाजमा अहिले ५ वटा समस्या विद्यमान रूपमा हामी अहिले देख्न सक्छौं। समाजलाई समृद्धिको, उन्नतिको, प्रगतिको दिशामा सिङ्गो राष्ट्रलाई विकास, प्रगति र उन्नतिको ठाउँमा, स्तरमा पुर्याउनको निम्ति हामीकहाँ एउटा दलाल पूँजीवादको समस्या छ, जसले आत्मनिर्भर हुने कुरामा बाधा हालिराखेको छ।

दोस्रो, पितृसत्तावादको समस्या छ, जहाँ जनसङ्ख्याको आधा हिस्सा जीडीपी वृद्धिमा सङ्लग्न हुन सक्दैन। तेस्रो, वर्णव्यवस्थाको समस्या, जो वर्णव्यवस्था भनेको जातव्यवस्था पनि हो, त्यो प्रकारान्तरले छुवाछुतमा व्यक्त हुन्छ। त्यो जनसङ्ख्याको एउटा ठुलो हिस्सा, जोसँग सीप छ, श्रम छ, त्यो देश विकासमा सङ्लग्न हुन सकिराखेको छैन, त्यसलाई गरिएको अपमानका कारणले। अर्को समस्या भनेको हाम्रो आन्तरिक राष्ट्रियताहरू जो उत्पीडनमा छन्, तिनीहरूले आफ्नो सीप, श्रम, आफ्नो शक्ति र तागत लगाउन पाइराखेका छैनन् उत्पीडनका कारणले र पाँचौं, हामी असमान सन्धि-सम्झौताहरूबाट दमनमा अथवा उत्पीडनमा छौं। यो अर्थमा यो ५ वटा समस्या यो राष्ट्रको विकास र समृद्धिका निम्ति यी समस्याहरू बाधक छन् यो दृष्टिकोणबाट हेर्दा।

खासगरी आज मैले केन्द्रित हुने विषय भनेको वर्णव्यवस्था, जो वर्णव्यवस्थाले जातव्यवस्था पैदा गर्यो, जो जातव्यवस्थाले समाजमा छुवाछुत पैदा गर्यो। जुन छुवाछुत खासगरी विश्वभरि मात्रै नभएर विश्वभरि छैन र यो दक्षिण एसियाको क्षेत्रमा मात्र छ। जसलाई ऐतिहासिक रूपले केलाउँदाखेरि यो दक्षिण एसिया निर्माणका निम्ति, समाज निर्माणका निम्ति एउटा महत्त्वपूर्ण ढाडको भूमिका खेलिराखेको छ। किनकी परापूर्वकालदेखि त्योसँग सीप थियो, श्रम थियो, त्योसँग काम गर्ने जाँगर थियो, काम गर्ने जोश थियो। जसले इतिहासमा हामीले दक्षिण एसियामा हेर्दा ताज महलका कुरा गरौं, कुतुमिनारका कुरा गरौं, यही हाम्रो देशमा रहेको सिंहदरबारको कुरा गरौं। यी चीजहरू त्यही समुदायले, त्यही वर्गले, त्यही समुदायले निर्माण गर्यो तर त्यो समुदायको हातबाट पानी नचल्ने, त्यसलाई अछुत घोष्णा गर्ने जुन २१औं शताब्दीको आजको मानव जातिको युगमा मानव जातिको कलङ्कका रूपमा यसलाई लिन सकिन्छ र बुझ्न सकिन्छ। यसको एउटा ऐतिहासिक पृष्ठभूमि जस्तो सरसर्ती ऐतिहासिक पृष्ठभूमि केलाउँदा जब मानव जातिको विकासको प्रक्रियामा शारीरिक श्रम र मानसिक श्रमको विभेद अथवा निजी सम्पत्तिको उदय अथवा मातृ सत्ताको अन्त्य

र पितृ सत्ताको उदयसँगै यो सुरुवात भएको हो भन्न सकिन्छ ऐतिहासिक रूपले हेर्दाखेरि। र खासगरी आजभन्दा ३५०० वर्ष अगाडि जुन ऋग्वेदको कुरा, चर्चा हामी जो गर्छौं। त्यही ऋग्वेदमा एउटा यो वर्णव्यवस्थाको चर्चा गर्ने गरिएको छ, जहाँ खासगरी ब्राम्हण- जसले पुरेत्याईं गर्ने, त्यसपछि दोस्रो क्षेत्री- जसले राजकाज गर्ने, तेस्रो वैश्य- जसले कृषि, व्यापार गर्ने र चौथो शूद्र- जो समाजमा अछुत भनेर जस्तो घोषणा गरिएको छ, यो देखिन्छ ऐतिहासिक रूपले हेर्दाखेरि।

र त्यसको साथसाथै, यस्तो जातप्रथा अथवा यो वर्णव्यवस्था जातप्रथा नेपालमा कसरी भित्रियो भनेर यसको ऐतिहासिक रूपले यो दृष्टिकोण अनुसार केलाउँदाखेरि ३ किसिमले ३ ठाउँमा प्रवेश गरेको पाउन सकिन्छ। जस्तो एउटा तराई-मधेशमा यसको झण्डै २५००-३००० वर्षको इतिहास भेटिन्छ पश्चिम जो खसान भन्ने गरिन्थ्यो पहिला त्यो क्षेत्रबाट प्रवेश गरेको र काठमाडौंमा नेवार अथवा काठमाडौंमा जस्तो फरक ढङ्गले जस्तो यो जातप्रथा, वर्णव्यवस्था लिच्छवि कालसँगै, लिच्छविको प्रवेशसँगै प्रवेश गरेको हेर्न सकिन्छ इतिहासमा हेर्दाखेरि। र खासगरी यो मानव जातिको इतिहासमा छुवाछुत कसरी सुरु भयो हाम्रो देशको सन्दर्भमा भनेर यसलाई अलि गहिरो गरी केलाएर हेर्दाखेरि सुरुमा श्रम विभाजन जे गरिएको थियो, त्यही श्रम विभाजनलाई पुस्तैनी पेसा बनाउँदाखेरि कि यो एउटा सुरुवात भएको यो एउटाबाट हेर्न सकिन्छ एउटा कुरा।

दोस्रो कुरा- शोषणको रूप र स्वरूपमा दलित शब्दको प्रयोग इतिहासको एउटा कालखण्डमा आएर गरियो। इतिहासविद्हरु हेर्दाखेरि झण्डै १८३१ मा भारतको एउटा शब्दग्रन्थमा दलित शब्द इतिहासमा पहिलोपटक प्रयोग भएको पाउने गरिन्छ। पछि भीमराव अम्बेडकरले यो दलित शब्द धेरै प्रयोग गर्ने गरेका छन् पछि आएर हेर्दाखेरि। यो दलित शब्द प्रयोग गर्नुभन्दा पहिला केही यस्ता शब्दहरू प्रयोग गरिने रहिछ त्यो समुदायलाई जसलाई अछुत घोषणा गरिएको थियो त्यसलाई शूद्र, अछुत, दरिद्र, उत्पीडित, उपेक्षित, नीच, निषाद, असूर, चण्डाल, सनि, सामाजिक बहिष्कृत व्यक्ति, यस्ता शब्दले सुरुमा मतलब यसलाई सम्बोधन गर्ने गरिएको रहेछ। त्यसैले दलित शब्दको यो शब्दकोषमा हेर्दाखेरि दलित शब्दको सांस्कृतिक रूपमा संस्कृत भाषामा यसको टुटेको अथवा अलग-अलग छिन्न-भिन्न भएको रूपमा यसको अर्थ लाग्दो रहेछ। कतिपय इतिहासविद्हरु दलनबाट नै दलित भएको भन्ने पनि विश्लेषण गर्दा रहेछन्। जे होस् मनुस्मृतिसम्म आइपुग्दाखेरि महिला र दलितहरूलाई, मनु स्मृति भनेको विभेदको एउटा ठुलो ग्रन्थको रूपमा पनि हेर्न सकिन्छ त्यसको कयौं सकारात्मक पाटा पक्ष पनि होलान्। अथवा समग्रमा, यसलाई मैले भन्दा सामन्तवादको सुदृढ गर्न, पितृसत्तावादको सुदृढ गर्न दलित शब्दको प्रयोग र चलन चल्तीमा ल्याएको बेसी देखिन्छ।

त्यसको साथसाथै, नेपालमा यो छुवाछुतका विरुद्ध एउटा लामो ऐतिहासिक र एउटा गर्व र गौरव गर्न लायकको इतिहास छ। राणा शासन कालमै बागलुङका भगत सर्वजीत विश्वकर्माले

वनारसमा गएर वैदिक ज्ञान, वैदिक शिक्षा प्राप्त गरेर एउटा आन्दोलन छेडेको इतिहास, नेपालको दलित आन्दोलनको एउटा माइलस्टोन, हिस्टोरिकल माइलस्टोनका रूपमा त्यसलाई लिन सकिन्छ। त्यस्तै २०१० सालमा सहर्षनाथ कपालीले पशुपतिनाथ प्रवेश गर्न पाउने मन्दिरमा दलितहरूले पनि पूजा गर्न पाउने भनेर एउटा ठुलो आन्दोलन गरे। जुन आन्दोलनमा ७५० भन्दा बेसी नेवार दलितहरू गिरफ्तार भएको, पक्राउ परेको इतिहास हामी हेर्न सक्छौं र त्यो आन्दोलनबाट त्यतिखेरको राज्य झुकेर २०११ सालमा पशुपतिनाथमा प्रवेश गर्ने त्यो आन्दोलनको सफलता भएको छ त्यस्तै २०१७ पछि देशव्यापी रूपमा यो उत्पीडनका विरुद्ध, यो कलङ्कका विरुद्ध देशैभरिका दलितहरू आ-आफ्ना ठाउँमा जस्तो ठुलो आन्दोलन गरेको इतिहास हामी पाउने गर्छौं। र पार्टीका हिसाबले जस्तो रूपलाल विश्वकर्मा एउटा सर्वहारावादी पार्टी सङ्गठन बनाएर त्यो पार्टीको नेतृत्व, भलै उहाँ अन्तसम्म टिक्न सक्नुभएन। एउटा उठान उहाँले त्यो पनि गर्नुभयो।

र यसरी हेर्दाखेरि सरसर्ती हेर्दाखेरि २०५२ सालदेखि २०६२ सालसम्म दलितको इतिहासमा एउटा दलित आन्दोलनको दलितको इतिहासको एउटा स्वर्णिम युग भनेर मान्न सकिन्छ। किनकी त्यतिखेर चाहे सामाजिक अन्तरघुलनका हिसाबले होस्, चाहे अन्तर जातीय प्रेम विवाहका हिसाबले होस्, चाहे छुवाछुतमुक्त गाउँ, छुवाछुतमुक्त समाज घोषणा गर्ने हिसाबले होस्, ०५२ देखि ०६२ सम्मको जनयुद्धभित्र एउटा सांस्कृतिक क्रान्ति, एउटा गुणात्मक ढङ्गले चाहिँ सांस्कृतिक क्रान्ति भएको चाहिँ त्यहाँ पाउन सकिन्छ, भेटाउन सकिन्छ। र खासगरी यो सबैको जगमा जनयुद्ध र जनआन्दोलनबाट जसरी संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरियो।

यसपछि खासगरी केही महत्त्वपूर्ण उपलब्धिहरू दलित आन्दोलनको इतिहासमा २०६३ जेठ २१ गते छुवाछुतमुक्त राष्ट्र घोषणा गरियो। यो आफैमा एउटा महत्त्वपूर्ण कदम हो। त्यस्तै २०६८ मा कसूर र सजायँ ऐन एउटा पास गरियो, जुन जातीय भेदभावका विरुद्ध, छुवाछुतका विरुद्ध जस्तो मुद्दा चलाउने र यो मुद्दा सरकारवादी मुद्दा हुने भनेर जस्तो अगाडि सारियो, यो पनि दलित आन्दोलनको इतिहासमा महत्त्वपूर्ण उपलब्धि हो। त्यस्तै राज्य, सरकार, राजनीतिक दल र विभिन्न सङ्गठनहरूमा समावेशी सिद्धान्त लागू गरियो, यसले दलित आन्दोलनमा एउटा गुणात्मक फड्को हुन पुग्यो।

त्यस्तै संवैधानिक दलित आयोगको गठनको अवस्था होस् अथवा ६० वर्ष उमेर पुगिसकेपछि सामाजिक सुरक्षा वृद्ध भत्ता, ५ वर्ष मुनिका दलित बालबालिकाहरूलाई पोषण भत्ता, स्वास्थ्य बीमा, शिक्षामा छात्रवृत्तिदेखि लिएर दलित केन्द्रित जनता आवास कार्यक्रमहरू यो महत्त्वपूर्ण उपलब्धिहरू हुन् पछिल्लो चरणमा आउँदा। यसरी सरसर्ती हेर्दा यहाँ के भन्न सकिन्छ सम्माननीय अध्यक्ष

महोदय, छुवाछुत मुक्ति आन्दोलन फेरि पनि आउँदाखेरि जस्तो अपेक्षाकृत ढङ्गले अगाडि बढ्न सकेको छैन। र यसलाई समग्र रूपमा ठुला समस्या, ठुला उसबाट चाहिँ गुज्रिराखेको छ ।

र यसरी सरसर्ती हेर्दा छुवाछुत मुक्ति आन्दोलनका ३ धाराहरू अहिले देख्न सकिन्छ। एउटा-पूँजीवादी धारा, जसले दलित मुक्ति आन्दोलन गर्छ कि गर्दैन। अर्को दलितवादी धारा र अर्को समाजवादी धारा। यसरी हेर्दा पूँजीवादी धारा भित्र त्यसले मुख्य अगाडि सार्ने भनेको दलितहरूलाई आरक्षण हो। आरक्षण भनेको दया, माया, कृपाले दिने कुरा हो, त्यसले दलितको मुक्ति हुँदैन अथवा छुवाछुत मुक्त हुँदैन। अर्को दलितवादी धारा भनेको एकाध व्यक्ति विशेष उठाएर मतलब जस्तो एउटा कुनै हिरो, वीर, पराक्रमी बनाएर पनि आम दलितहरूको, सर्वसाधारण दलितहरूको मुक्ति हुने अथवा छुवाछुत मुक्त हुने कुरा होइन। र दलितहरूको छुवाछुत मुक्त गर्ने कुरा भनेको समाजवादी धाराले हो। यो समाजवादी धारा जसले विशेषाधिकारको कुरा अगाडि सार्छ, जसले सामाजिक अन्तरघुलनको कुरा अगाडि सार्छ। जसले अन्तरजातीय विवाहलाई महत्त्वका साथ प्रोत्साहन गर्ने कुरा अगाडि सार्छ। र त्यसको साथसाथै आर्थिक, सामाजिक, राजनीतिक समस्या मुख्य हो र त्यो समस्यालाई सम्बोधन गर्ने कुरा अगाडि सार्छ। तसर्थ हामीले जस्तो यो समाजवादी धाराबाट मात्रै दलित मुक्ति आन्दोलनलाई हामीले एउटा नयाँ ठाउँमा पुर्याउन सक्छौं भन्ने निष्कर्ष दिन सकिन्छ। अहिले सरसर्ती आउँदाखेरि संविधानमा भएको व्यवस्था अहिलेको सरकारले वर्तमान सरकारले कार्यान्वयन गर्ने कुरामा कत्तिको ध्यान पुगेको छ? म गम्भीरतापूर्वक ध्यान आकर्षण गराउन चाहन्छु ।

पहिलो कुरा, समावेशिता लागू गर्ने सन्दर्भमा केही गम्भीर समस्याहरू देखिन्छन् अहिले राज्य, सरकारमा हेर्दाखेरि। चाहे अहिले भर्खरै बनेको मन्त्रीमण्डलको सङ्ख्यामा हेर्दा होस् या अहिले झण्डै डेढ दर्जन राजदूत सिफारिस नियुक्ति भएका छन्, त्यो राजदूतहरूको सङ्ख्यामा हेर्दा होस् या अन्य संवैधानिक आयोग आदि, ईत्यादिमा हेर्दाखेरि पनि समावेशी सिद्धान्तलाई ठीक ढङ्गले यो सरकारले लागू गरेको, त्यसलाई आत्मासात् गरेको देखिँदैन। तसर्थ, म यो प्रश्न उठाउन चाहन्छु। भर्खरै प्रदेश प्रमुख दलित एउटा मात्रै प्रदेश प्रमुख थिए- तिलक परियार। उहाँको थोरै समय मात्र बाँकी थियो। उहाँलाई अहिलेको बनेको सरकारले पहिलो निशाना बनाउने के कारण होला भन्ने प्रश्न आम दलित समुदायभित्र उठ्नु स्वाभाविक हो। त्यसको साथसाथै करीब ८ वर्ष अगाडिदेखि अजित मिजारको शव टिचिङ हस्पिटलमा रहेको छ, यो बारे सरकारको ध्यान गएको छ कि छैन? सरकारको दृष्टिकोण यसलाई लागू गर्ने र अगाडि लैजाने सन्दर्भमा यो सरकारको ध्यान पुगेको छैन अथवा यो सरकारले गम्भीरतापूर्वक लिएको छ कि छैन? भन्ने कुरा म उठाउन चाहन्छु। यसको साथसाथै अन्तमा मैले के उठाउन चाहन्छु भने दलित भनेको दमित, लिप्त र

तल्लो स्तरको भनेर परिभाषा गर्दा रहेछन्- कतिपय मान्छेहरू। अन्तमा, हम शूद्र नहीँ बना गया है, हम दबे नहीँ दबा गया है। भन्ने कुरा राख्दै बिदा हुन्छु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य कमला पन्त।समय १६ मिनेट। यसपछि माननीय सदस्य गोमादेवी तिमल्सिना।

(१४:०५ बजे)**<u>माननीय श्री कमला देवी पन्त (सभापति, विकास, आर्थिक मामिला तथा सुशासन समिति)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज एउटा समाचार अनलाईनमार्फत पढेँ मैले। गोरखाको गण्डकी गाउँपालिकामा विषादि धेरै प्रयोग गरेका कारणले गर्दा जनता कोही क्यान्सर पीडित भए कोही, मृगौला पीडित भए। र हामीसँग त्यस्तै गण्डकी गाउँपालिका जस्ता धेरै गाउँपालिकाहरू होलान्, त्यस्तो बस्ती धेरै बस्ती होलान्। जहाँ विषादी धेरै प्रयोग गरेर जनतामा यो नसर्ने रोग र असाध्यै खतरा रोग लागेको होला। यसका बारेमा गण्डकी गाउँपालिकामा त एउटा समिति गठन गरेर सरकारले छानबिन गर्दैछ। के रहिछ कारण पत्ता लगाउँदैछ। तर सबै ठाउँमा यस्तै होला जस्तो लाग्छ। अरू धेरै ठाउँमा अनुगमनको जरुरी होला जस्तो लाग्छ मलाई। यो अनुरोध गर्न चाहन्छु। र अध्यक्ष महोदय, हामी यो २१औं शताब्दीका नागरिक जहाँ चाहिँ २०७२ सालमा हामीले एउटा अत्यन्त महत्त्वपूर्ण समावेशी संविधान निर्माण गर्यौं। यो संविधानले हाम्रो राष्ट्रिय सभाकै पिक्चर हेर्दा पनि हामी सबै किसिमका लिङ्ग, वर्ग, क्षेत्रका व्यक्तिहरू छौं।

र यो सबै यो समावेशी यो ०७२ सालको संविधान जारी भएपछि नेपालका सबै राजनीतिक दलको नारा भन्नुस् अथवा मुद्दा भन्नुस् देशमा विकास गर्ने, देशमा समृद्धि ल्याउने, जनतालाई खुसी दिने। जनता कसरी खुसी हुन्छन् भनेपछि एउटा सुरुवात के भएछ भने २०६४ सालमा एउटा राष्ट्रिय युवा नीति बनेको रहेछ। त्यो राष्ट्रिय युवा नीतिले युवाहरूलाई रोजगारी दिने, युवाहरूलाई राम्रो पठनपाठनको व्यवस्था गर्ने र युवाहरूलाई व्यवस्थित, हाम्रा युवाहरू चाहिँ खुसीसँग नेपालमा बसेर कामकाज गर्न सकून् र आफ्नो श्रम लगानी गर्न सकून् भन्ने सोचेर युवा नीति गठन गरेको रहेछ। यो नीति कहाँ गयो मलाई थाहा छैन। हामी कोही पनि धेरै धेरै जना अनभिज्ञ छौं होला जस्तो लाग्छ मलाई। र यो नीति लागू भएन। यो कसरी कोमार्फत पाउन सकिन्छ होला यो नीति। कहाँ छ होला खोजी गर्न जरुरी छ कि जस्तो लाग्छ मलाई। र सबैको लागि युवा नीति भयो भने युवाहरू चाहिँ हाम्रो एउटा भाग्यले के गर्यो भने ०७८ को जुन हामीले जनगणना गर्यौं। ०७८ को जनगणनामा १५ देखि ६० वर्षभित्रका युवाहरू ६२% रहेछ, ६२% युवाहरू। त्यो ६२% युवाहरू भनेको एउटा यसलाई चाहिँ स्वर्ण युगको रूपमा नै मानेको रहेछ। जहाँ युवा धेरै

हुन्छ, त्यहाँ समृद्धि हुन्छ भन्ने एउटा सिद्धान्तका आधारमा युवाहरूलाई चाहिँ कसरी रोजगारी दिने? यति धेरै युवाहरू यो अवसर चाहिँ हामीले १० वर्षपछि खोज्यौं भने पाइन्छ जस्तो लाग्दैन। किनभने एउटा वर्ग त्यही ६० वर्ष उमेर समूहको वर्ग पनि ७० वर्ष पुग्छ। त्यसपछि हाम्रो जन्म दर्ता चाहिँ एकदमै कम छ। सबभन्दा चिन्ताको विषय चाहिँ जन्म दर कम छ । जन्म दर कम हुने बित्तिकै त्यो युवा पिँढी अलि उसको उमेर समूह बढ्दै जानेबित्तिकै अब यसमा चाहिँ क्रियाशील जनशक्ति चाहिँ कमजोर हुँदै जान्छ। र यस्तो एउटा गोल्डेन समय जुन समयमा ६२% युवा, २६% किशोरहरू भएको यो अवस्था किशोरहरू पनि जागरुक एउटा किशोरलाई कुन लाइन दिने, के काममा लगाउने, कुन बाटोबाट असल नागरिक बन्न सक्छ भन्ने लाइन दिन पनि यसले सक्छ भने यो ६२% यो युवाहरूको समूह चाहिँ यो समूहलाई चाहिँ राम्रो योजना बनाएर काममा लगायो भने मुलुकको समृद्धि बन्न सक्छ। यतातिर सरकारको ध्यान पुगेको छ कि छैन कि- मलाई कता कता आशा पनि लाग्छ अध्यक्ष महोदय। कतै कतै त्यति धेरै निराशा त हैन। तर के होला यस्तो अनौठो लाग्छ मलाई। किन अनौठो लाग्छ भन्दा नेताहरूले नेतृत्वले अथवा यहाँको राजनीतिक दलले चाह्यो भनेदेखि त १८ वर्षसम्म अल्झेर बसेको टीआरसी विधेयकलाई त पास गर्यो नि १ हप्ताको जागरणले। १ हप्ता लागेर पास गर्यो भने अब यस्ता कुराहरू पनि राष्ट्रिय सहमति किन नगर्ने? सरकारमा जान मात्रै ठुलो कुरा के लाई ठुलो मानेको। सरकारमा गएर मात्र के हुन्छ? हाम्रो सबैको चुनावमा जाँदा हामीले घोषणापत्रमा के लिएर गयौं? सबैको लक्ष्य के हो? लक्ष्य के हो भन्दा नेपाली जनतालाई खुसी राख्ने, समृद्धि दिने, सबैको होइन। त्यो सबैले प्रतिबद्धता जाहेर गरेको छोटो शब्दमा भन्ने हो भने जनता खुसी होस् । मेरो पार्टीले सत्तामा जाना पाओस्, सरकार बनाओस्। मेरो पार्टी सत्तामा, सरकारमा गइसकेपछि जनता खुसी राख्छु, यही न हो छोटो शब्दमा भन्ने हो भने। यति भनेर हामी शासनमा गयौं, सत्तामा गयौं। राजनीतिक दलहरू सबैले यो स्टेकहोल्डरहरू भनेको त राजनीतिक दल न हो।यो मुलुकको समृद्धिको स्टेकहोल्डरहरू भनेको राजनीतिक दल हो। सरकार बनाउन पाए मात्रै हामी चाहिँ जनतालाई केही दिन सक्छौं भन्ने, सरकार छोड्न पर्यो भने पनि हामी जनतालाई केही दिन सकेनौं। सरकारमा नबसेको कुन चाहिँ दल छ यहाँ। सबै दल सरकारमा बसेकै छ। र कुन दलले के कति गर्यो भन्ने कुरा के हेर्न बाँकी छ र? अहिले त सबैको कार्यशैली त हामीले देखेकै छौं।

मलाई चाहिँ के भन्न मन लाग्छ सरकारलाई भने कृपा गरेर सरकारका मन्त्रीहरू प्रधानमन्त्रीदेखि लिएर सबैले नबोलीकन काम गरिदिए हुन्थ्यो। युवाहरू आक्रोशित भएका छन्। यो आक्रोश चाहिँ फेरि विद्रोहमा परिणत भयो भने के हुन्छ? नबोली काम गर्नु नि किन बोल्नुपर्यो। फेरि अनुशासनहीनताको वृद्धि पनि हुँदै गएको अहिलेको अवस्था देखिन्छ। यो अनुशासनहीनता

बढ्दै गयो भने के हुन्छ मुलुकमा? त्यसले गर्दा यो असाध्यै संवेदनशील घडीमा हामी छौं। यो संवेदनशीलतालाई अवश्य पनि राजनीतिक दलहरूले पनि बुझ्नुभएकै छ, दलहरूका शीर्ष नेताहरूले पनि। र विशेषतः चाहिँ सरकार चाहिँ संवेदनशील हुनपर्ने अहिलेको अवस्था छ। सरकार आइसकेपछि त्यो राजनीतिक दलका कार्यकर्ता, जनता, त्यो राजनीतिक दललाई भोट हालेका जनता उत्साहित हुन्छन्। किन उत्साहित भएको होला? अब त यो सरकारले केही पनि गरेको थिएन। यो सरकार आएपछि धेरैको काम गर्न सक्छ। हामीले सुख पाउँछौं कि। हाम्रा छोराछोरीले रोजगारी पाउँछन् कि भन्ने एउटा उत्साहले नै खुसी भएका हुन्छन्। केही आशाले र केही भरोसाले खुसी भएका हुन्छन् र हामीले आशा पनि जगाउन सकेनौं र भरोसा पनि दिन सकेनौं भने के हुन्छ? यसको बारेमा कसैले केही संवेदनशील भएर सोचेको छ कि छैन? मैले सोचेको कुरा अरूले सोच्नु भाछैन भन्ने त्यो धृष्टता म गर्दिनँ। तर सोच्नुपर्छ भन्ने आग्रह चाहिँ म गर्न चाहन्छु, अनुरोध चाहिँ गर्न चाहन्छु। सत्तामा जानु कुनै पनि ठुलो कुरा हैन। सत्तामा गइसकेपछि त्यो निर्वाह गर्नु ठुलो कुरा हो। निर्वाह गर्नुपर्यो। त्यसले गर्दा मेरो अनुरोध चाहिँ के छ भने हामी एक ठाउँमा उभियौं। कबुल गरौं राजनीतिक पार्टीहरू। कति वर्ष उभिने। हामीले त धेरै ठुलो परिवर्तन त गयौं त। एकै ठाउँमा उभिएर परिवर्तन गरेको हो नि। यो जुन उत्साहका साथ कति युवाहरू हामीले चक्रपथमा ०६२/६३ को आन्दोलनमा लाखौं लाख युवाहरू निस्किएको देख्दाखेरि हामीलाई कति आनन्द लाग्थ्यो। हैन युवाहरूले बुझे है। राजनीति पनि बुझिसके। अब हामीले यो युवाहरूलाई धेरै उत्साहित गराउनुपर्छ। युवाहरूको जुन जोश र जाँगर छ यसलाई चाहिँ मुलुकको समृद्धिको लागि प्रयोग गर्नुपर्छ भनेर राजनीतिक पार्टीहरू उभिएको हो नि। अहिले त्यो जाँगरहरू कहाँ गयो? राजनीतिक पार्टीहरू कहिले कहिले त मलाई यस्तो नराम्रो लाग्छ। आफूलाई लागेका कुराहरू छताछुल्ल संसदमा झगडा गर्ने। धन्न सौभाग्यले हामी चाहिँ यहाँ एकदम शालीनताका साथ आफ्नो विचारहरू राखेका छौं। त्यस्तो राम्रो हुन्छ। के गर्ने, के को लागि त्यस्तो एउटा आक्रोश कसका लागि पोखेको कोठामा बसेर पोखे हुन्छ नि। यसले के हुन्छ भने यसले जनतामा निराशा बढ्छ। नेताहरू त यस्तै रहिछन्। हामीले बनाएका सांसद यस्तै रहिछन्। झगडा गर्न गएका रहेछन् भन्छन् कि भन्दैनन्। जनताले त भन्छ उसको त त्यो संसदमा आफ्ना विचार राख्दाखेरि त्यो असभ्य ढङ्गबाट राखे कुरामा त उहाँहरूलाई आनन्द आएको होला। देशभरि गएको छ, संसारभरि गएको छ नि। यसले के भन्छ, किन निराश बनाउने जनतालाई? कोठामा बसेर लड्नुस् न, कोठामा बसेर झगडा गर्नुस्। यी कुराहरूले हामीलाई कहीं पनि पुर्याउँदैन। हामी यति राम्रो यति सुन्दर मुलुकका नागरिक छौं हामी। हामीले यसको औचित्य बुझ्नै सकेनौं। यसको अर्थ बुझ्नै सकेनौं र हाम्रो जुन एउटा गरिमालाई बुझ्न सकेका छौं जस्तो मलाई लागेको छैन। मुलुकको सम्पूर्ण बजेटको एउटा अंश कति प्रतिशत छ मैले प्रतिशत त हेरिनँ। युवा भन्छौं हामी। युवाहरूलाई

सम्बोधन गर्ने युवा तथा खेलकूद मन्त्रालयलाई के जिम्मा दिएको छ? भकुण्डो खेल्ने मात्रै। काम, कार्यक्रम खै त्यसमा? युवालाई सम्बोधन गर्ने, युवाहरूलाई प्रोत्साहित गर्ने, युवाहरूलाई प्रोत्साहित गर्ने के छ त्यहाँ? सबै ठाउँमा जहाँ हामीले यो उत्पादन वृद्धि गर्न सक्छौं, रोजगारी दिन सक्छौं, त्यो ठाउँमा चाहिँ हामीले गम्भीरताका साथ सोचेका पनि छैनौं। यो गम्भीरताका साथ सोच्नुपर्थ्यो जस्तो लाग्छ मलाई।

हामी कृषिमा कृषिको नीति बनाउँछौं हामी। हामी नीति बनाउँछौं, कार्यक्रम बनाउँछौं। अब कानुन बनाएका छौं, नियमावली बनाएका छौं, निर्देशिका बनाएका छौं। संविधानलाई टेकेर कानुन बनेको छ। कानुन बनाइसकेपछि नियमावली बनेको छ। कानुनलाई नियमावलीले मान्दैन। नियमावलीलाई निर्देशिकाले टेर्दैन।सबै निर्देशिकाले गएर काम चाहिँ निर्देशिकामा गएर अड्किएको हुन्छ। यो अवस्था के हो र म आफू पनि यहाँ के निवेदन गर्न चाहन्छु भने हामीले कानुन बनायौं तर हामीले संसदीय निगरानी जुन निगरानी गर्नुपर्थ्यो हामीले। हामीले बनाएको कार्यान्वयन भयो कि भएन। सरकार स्वभावैले निरङ्कुश हुन्छ।यो दुनियाँले बुझेको कुरा हो। संसारमै यही हो चलन। तर त्यो सरकारले के गरेको छ त। हामीले बनाएको कानुन कार्यान्वयन भयो कि भएन? त्यसको कानुन नबनेको कुरा त हामीले पहिले नै हाम्रो विधायन समितिले कतिवटा कानुन बनेन, हतारमा बन्नुपर्ने कतिवटा छ? अनि कतिवटा बनाउन बाँकी कानुनहरू छन् भन्ने कुरा त हाम्रो विधायन समितिले अध्ययन गरेर सरकारलाई सहयोग गरेको छ। सरकारले अध्ययन गर्नुपर्ने कुरा हो। विधायन समितिले सहयोग गरेको छ। तर सहयोग गरेको पनि अहिले के देखिन्छ भने ती जुन कानुनहरू बनाउनुपर्थ्यो, त्यो कानुनहरू चाहिँ फेरि संसदमा ल्याएर अलि गम्भीरताका साथ छलफल गरेर निर्णयमा पुग्न हतार गरेको जस्तो हामीले देखेका छैनौं, मैले देखेको छैन।

त्यसले गर्दा अब मौलिक हकका कुराहरू पनि अझै कानुन बनाउन बाँकी छ। मौलिक हकले गरेका युवाहरूलाई रोजगारी दिनेदेखि, दलितहरूलाई दलित होइन, यो मुलुकको नागरिकलाई कसरी समृद्ध बनाउन सक्छ सम्मको एउटा दलितको सम्मानको बारेमा पनि धारा ४० ले बोलेको छ भाग ३ को धारा ४० ले। यी कुराहरूलाई हामीले कतिसम्म संवेदनशील भएर हेरेका छौं, छैनौं। ती कुराहरूको बारेमा संवेदनशील हुनुपर्छ भन्ने मलाई लागेको छ।

अध्यक्ष महोदय, म धेरै कुरा नगरीकन एउटा यो अहिलेको परिस्थितिको सिङ्गो अवस्थाको बारेमा अस्ति खुला मञ्चमा एउटा कार्यक्रम भयो। यो एउटा नितान्त सांस्कृतिक कार्यक्रम थियो। त्यो सांस्कृतिक कार्यक्रममा अब मैले त्यसरी आरोप त लगाउँदिन। हामीले यसलाई आक्रोशलाई सम्बोधन गर्न नसकेर हो कि, म त्यसरी युवाहरूलाई आरोप त लगाउँदिन। तर के भन्दा यो अनुशासनहीनताको एउटा सिङ्गो नमुना त हो नि। अनुशासनहीनता हो। देशको पार्टीका सभापतिहरू,

पूर्व प्रधानमन्त्रीहरू, सिङ्गो वर्तमान प्रधानमन्त्री नै भएको एउटा समारोहमा युवाहरू आएर त्यहाँ डिस्टर्ब गर्ने प्रयत्न गरेको त्यो अनुशासनहीनताको एउटा नमुना त हो नि। यसले भोलि हामी कहाँ पुग्छौं। यो परिस्थितिले कोही खुसी हुनुपर्ने अवस्था छैन। यो खुसी हुनुपर्ने स्थिति छैन। तर यो यसरी नै फेरि कसैले भड्काएर यो आक्रोशमा बदलियो भने के हुन्छ यो? यसका बारेमा संवेदनशील हुनुपर्छ भन्ने मलाई लागेको छ?

र अध्यक्ष महोदय, अन्तमा हामीले लोकतान्त्रिक व्यवस्थाको स्थापना गर्यौं। लोकतान्त्रिक व्यवस्थाको एउटा राम्रो नमुना चाहिँ धेरै छोटो समयमा आफ्नो पार्टीबाट फुटेर गएको नेकपा एकीकृत समाजवादी पार्टीको अधिवेशन सकियो। हाम्रै सभाका सदस्यहरू पनि पदाधिकारीमा, सदस्यमा निर्वाचित हुनुभएको छ। उहाँहरूलाई म हार्दिक बधाई दिन चाहन्छु।र अब म चाहिँ संविधानको कार्यान्वयन त्यसपछि गएर यसले खोजेको यो संविधानले दिएको जुन अधिकार हो, जुन संविधानले दिएको उपलब्धि हो। यो उपलब्धिको सुरक्षाको निम्ति हामी गम्भीर हुनुपर्छ भन्ने विषयमा आफ्ना भनाइ राख्दै समयको निम्ति अध्यक्षज्यूलाई धन्यवाद दिँदै बिदा हुन्छु धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य गोमादेवी तिमल्सिना।समय १२ मिनेट। यसपछि माननीय सदस्य पूजा चौधरी।

(१४:२१ बजे)<u>माननीय श्री गोमा देवी तिमिल्सीना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>ः- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले केही कुरा राख्न गइरहेको छु। सर्वप्रथम त भारतबाट अस्ति भाद्र ७ गते तीर्थायात्रीहरू तीर्थयात्रीको रूपमा आएका भक्तालु पर्यटकहरू चढेको गाडी तनहुँको आँबु खैरेनीमा दुर्घटना भएर २७ जनाको मृत्यु भयो। उहाँहरूप्रति म श्रद्धाञ्जली अर्पण गर्दछु। यस्तै गरी देशैभरि बाढी, पहिरो यातायात उँड्नेदेखि गुड्नेसम्म भएको धेरै जनधनको क्षति भएको छ। त्यसमा मानवीय क्षति पनि भएको छ। यसमा मानवीय क्षति जुन भएको छ। यसमा श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। र त्यो बाढीपहिरोबाट जुन धनमालको क्षति भएको छ। उहाँको नाना, छाना र खानाको व्यवस्था सरकारले गर्नुपर्छ भन्ने कुराहरू म सम्माननीय अध्यक्षज्यूमार्फत यथाशीघ्र यो व्यवस्था होस्। यो बाढी, पहिरो अनि छानो त्यो त्रिपाल टाँगेको ठाउँमा पनि पहिरो लडेर त्यहाँ पनि मान्छेको मृत्यु भएको छ। यस्ता घटनाहरूले हामी सबैलाई मर्माहत तुल्याएको छ। चिन्तित बनाएको छ। हाम्रो देशको भूगोल पहाड, तराई, हिमाल सबै खाले भूगोल छ। यी भूगोलहरूमा हाम्रो कुनै त्यहाँ एउटा माटोको परीक्षण गरिँदैन। त्यो ठाउँको

परीक्षण गर्रिदैन। अनि एक जना जो निर्वाचित भएर त्यहाँ अध्यक्ष गएको हुन्छ। नगरका नगर प्रमुखहरू गएका हुन्छन्। अनि ठेकेदार पनि उहाँहरू नै बन्नुहुन्छ, इन्जिनियर पनि उहाँहरू नै बन्नुहुन्छ। इन्जिनियर, ठेकेदार सबै उहाँहरू नै बनेपछि त्यहाँ माटोको परीक्षण गर्ने, त्यो ठाउँ उपयुक्त छ कि छैन भन्ने कुराहरू उहाँहरूले लेखाजोखा राख्नुहुन्न। सबै जनप्रतिनिधिहरूले जेसीबी किन्ने, अनि जेसीबी चलाएर प्रत्येक मान्छेको घरमा बाटो ल्याइदिन्छु भनेको ल्याइदिएँ अर्को चोटि पनि भोट मलाई भनेर अहिलेदेखि भोटलाई सुरक्षित गर्ने काम हुन्छ यस्तो कुरामा म फेरि पनि के भन्छु सम्माननीय अध्यक्षज्यूमार्फत सरकारलाई भन्न चाहन्छु सरकारले यस्तो कुराहरू रोक्नुपर्छ।

र जुन ठाउँमा बसोबासको लागि उपयुक्त छ त्यहाँ बसोबास गराउने र अन्य चीजको लागि उपयुक्त छ त्यो जे छ त्यो माटो परीक्षण गराउनुपर्यो, त्यो ठाउँको विषयमा पनि जाँचबुझ गरीकन काम गरियो भने हामी अलि सुरक्षित हुन सक्छौं। अब धेरै ठाउँमा यातायात दुर्घटनामा परिराखेको छ। यो यातायात दुर्घटनामा हुनुको पछाडि कहिले हामी गाडीले ठक्कर दियो भने ड्राइभरलाई समाउँछौं। अनि त्यहाँ स्थानीयले गाडी जलाउँछ। ड्राइभरलाई पायो भने भित्र गाडीमै राखेर ड्राइभरलाई पनि जलाइदिने यस्तो खालको अराजकता परिस्थिति सिर्जना भएको छ, त्यो होइन, हामीले ड्राइभरलाई त्यो गाडी चलाउने लाइसेन्स दिंदाखेरि पनि घर घरमा लाइसेन्स आएर यो एउटा चलाउन उ दक्ष छ कि छैन त्यो भन्दा पनि केही पैसा दिएर उ घर घरमा लाइसेन्स पुर्याउन आउने त्यसले हात सफाइ नहुने अनि सयौं यात्रीहरूको जीवन त्यो एक जना चालकको हातमा हुन्छ। यो सबै चालकहरू त्यसरी नै लाइसेन्स लिएका छन् भन्न मैले खोजेको हैन। मेशिनरी चीज हो। मेशिनरी चीज कहिले कहिले आफू सतर्क भए पनि अर्कोले पनि आएर हान्दिन्छ। दुर्घटना त्यसरी हुन्छ। तर पनि धेरै जसो यो लाइसेन्स घर घरमै आउने गरेकोले पनि धेरै ठाउँमा दुर्घटना हुन पुगेको छ।

यसलाई पनि मैले सरकारी निकायहरूमा सरकारमा बस्ने जुन सरकार आए पनि मैले अहिलेको सरकारलाई मात्र भनिराखेको छैन। जुन सरकार आए पनि यस्तो कामलाई बन्द गरिनुपर्छ र एउटा राम्रो चालक राम्रो दूरीमा गाडी चलाउनुछ भने दुईटा चालक राख्नुपर्यो। एउटै चालकले काठमाडौंबाट मेची, पशुपतिनगरसम्म एउटै चालकले चलाएर लाँदा उ थाक्छ कि थाक्दैन? उ थाकेपछि निद्रा त हो झपक्क यस्तो अलिकति उड्यो भने त गयो त। अब सयौं यात्रीहरूको जीउ त्यसरी गएको छ। नाइट बस चलाउनेहरू यस्तो हामीलाई दिउँसै त कहिलेकाहीं झपक्क निद्रा आउँछ। यस्तो कुराहरूमा पनि यो नियममा छ दुइटा चालक राख्नुपर्ने, व्यवहारमा आएन। त्यो व्यवहारमा नआउँदाखेरि धेरैको दुर्घटनामा परेर ज्यान गएको छ। अब त्यो मात्रै कुरा हैन, हाम्रा बाटाघाटाहरू, बाटाघाटाका अघि नै पनि मैले कुरा निकालिसकेको छु। बाटाघाटाहरूको कारणले

पनि धेरै दुर्घटनाहरू भएका छन्। कति कुन तहको गाडी त्यो बाटोमा चलाउँदाखेरि त्यो तहमा थेग्न सक्छ। उसको वजन कति हो भन्ने कुरा त्यो कुनै लेखाजोखा छैन। त्यो ठुलो गाडी एउटा हात्ती जस्तो हुन्छ, त्यो डम्फर के के भन्छ। त्यो गयो भने त अब सबै मान्छे डराएर थर्थर हुन्छ। अब त्यस्ता गाडीहरूलाई अब अर्को ठाउँबाट जान दिने बाटोहरूको पनि व्यवस्था गरिनुपर्छ भन्ने कुराहरू मलाई लाग्छ। अब हामी देशमा जनताले धेरै कुराहरू भोगेका छौं। धेरै कुराहरू यस्ता पीडा भोगेको ठाउँमा मलहमपट्टी लाउनुपर्ने ठाउँमा यो मल्हमपट्टी भन्दा पनि यहाँ त सरकारमा गएपछि जुन पार्टी सरकारमा गए पनि अनि विपक्षसँग, प्रतिपक्षसँग जुहारी गर्ने यस्तो परिस्थिति सिर्जना भयो। यो सिर्जना गर्ने हामी राजनीतिक दलकै मान्छे छौं। अरू युवाहरू अराजक भए भनेर हामीले भन्दाखेरि मलाई लाग्छ त्यो अराजक बनाउने ठाउँमा हामीले पनि भूमिका खेलेका छौं कि। हाम्रै छोरा, नातिहरू युवा हुन् उनीहरूलाई पनि हामीले कन्ट्रोल गर्न सकेका छैनौं कि।

मैले हिजोको घटना भन्न खोजें। केही विद्यार्थीहरू हिजो सदन हेर्न आएका रहेछन्। अनि सदन हेर्न आउँदाखेरि हाम्रो सदनमा त शान्त नै छौं हामी। मान्छे नि धेरै छैनौं। प्रतिनिधिसभामा सदन हेर्न आएका विद्यार्थीहरू त्यो सदन हेरेर गइसकेपछि घर गइसकेपछि आफ्ना अभिभावकलाई उनीहरूले कन्ट्रोल गर्न खोजे। किन राजनीति गर्ने? के को लागि गर्ने? झगडा गर्न भनेर यहाँका कुरा सबै देखेर उनीहरू राजनीतिबाट त पन्छेकै छन् अहिलेको पिँढी। तर आफ्नो बाउ लागिरहेका बाउआमालाई पनि उनीहरूले रोक्न खोजेका छन्। यो एउटा कस्तो लाजमर्दो कुरा हो। यो हामीले यो स्वतन्त्रता, यो परिस्थितिलाई ल्याएको होइन। गणतन्त्र यो परिस्थिति बनाउन ल्याएको हैन। हामीले ल्याएको गणतन्त्र, लोकतन्त्र भनेका सयौं हाम्रा पिँढीहरू, हाम्रा अग्रजहरूले ज्यान गुमाउनुभएको छ। सहिद हुनुभएको छ। यो १० वर्षे जनयुद्धमा मात्रै सहिद हैन। यो भन्दा पहिला पनि ००७ सालदेखिको गन्ने हो भने धेरै सहिद हुनुभएको छ। उहाँहरूप्रति हामीले आदर गर्नुपर्छ।

अब यहाँ अहिले अस्तिभरखैरे त्यो टीआरसीको कुराहरू, लगभग लगभग एउटा टुङ्गोमा पुग्न लागेको छ। अब यो शान्ति प्रक्रियामा नल्याएको भए अहिलेसम्म यो मुलुकमा केही हुन्थ्यो? हामी जीवित हुन्थ्यौं कि हुन्थेनौं, यो कुरा हामीले बुझ्नुपर्दैन? एउटा नेताले त्यो बेलाको ०५२ सालको कुरा ल्याएर एउटा नेताले त्यहाँ बोल्न सुहाउँछ? त्यो सबैले गर्यौं। हिजो हामी माले कालमा चौथो महाधिवेशनमा हामीले सच्याएको हैन? चौथो महाधिवेशनमा सच्याएको हामीले यो क्यारे ४ इन्च छोड्दा के भन्ने टाउको गिँड भन्ने जमिन्दार सखाप पार भन्ने चौथो महाधिवेशनमा सच्याएको हो। अनि कांग्रेसले पनि तेरो घरमा कांग्रेस पसिजाओस् भन्ने त्यो थियो। तर कांग्रेसले पनि कुनै समय उसैले हतियार उठाएकै हो। उसको कार्यकर्तालाई पनि धेरै मार्यो प्रतिक्रियावादीले मार्यो, त्यो कुरा हामीले धेरै थोरै जानेका छौं, बुझेका छौं। यस्तो हुँदाहुँदै अहिलेको स्थितिमा हिजो हामी सँगै लडाईं

लडेका मान्छेहरू आज एउटा प्रतिनिधिसभामा त्यो रडाको गर्दाखेरि वास्तवमा कसरी यो राष्ट्रिय सरकार बन्न सक्छ। दुइटा पार्टी मिल्दा त त्यस्तो छ। राष्ट्रिय सरकार बन्नको लागि दुइटा पार्टी मिलेर राष्ट्रिय पार्टी सरकार हुँदैन? राष्ट्रिय सरकार बन्नको लागि पहिला एउटा योजना बन्नुपर्छ। देशमा भएका राजनीतिक दलहरूले यसरी बनाऔं भनेर योजना बनाएर, सल्लाह गरेर अनि मात्रै बन्छ। अनि दुइटा दलले बनाउने। ए आओ यसो भनेकै थियौं भनेर कोही आउनेवाला छैन, राष्ट्रिय सरकार बन्दैन। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य पुजा चौधरी। समय ५ मिनेट। यसपछि माननीय सदस्य डा. अन्जान शाक्य।

(१४:३३ बजे) <u>माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)</u>:- सम्माननीय अध्यक्षज्यू, देशका विभिन्न भागमा फैलिरहेको डेंगु सङ्क्रमणले भयावह रूप लिन सक्ने सङ्केत देखिएको इपिडिमियोलोजी तथा रोग महाशाखाले जनाएको छ। अहिले सङ्क्रमितको सङ्ख्या ५००० भन्दा बढी नाघिसकेको हुनाले थप २ महिना आश्विन र कार्तिक सङ्क्रमणका लागि अनुकूल समय भएकोले सजग रहनुपर्ने अवस्था छ। हाम्रो देशमा ७५औं जिल्लामा डेंगुको बिरामी देखिएका छन्। महाशाखाका तथ्याङ्क अनुसार केही जिल्लामा सङ्क्रमितको सङ्ख्या बढिरहेको छ। जस्तै तनहुँमा १०४५ जनामा सङ्क्रमण भइसकेको छ, काठमाडौंमा ४२१, कास्कीमा ४०८, चितवनमा १०६८, पर्वतमा २७२, गोरखामा १७७, झापामा १५५ र मकवानपुरमा १०४ जनामा सङ्क्रमण भइसकेको अवस्था छ। एउटा जिल्लामा ५०० भन्दा बढीमा सङ्क्रमण हुनु जनस्वास्थ्यका हिसाबले महामारी मानिन्छ। त्यसैले यसप्रति पनि म सम्माननीय अध्यक्षज्यूमार्फत यसमा सरकारको ध्यान आकर्षण गराउन चाहन्छु।

साथै अहिले विश्व समुदायलाई कोरोना पछि एमपक्सको मंकीपक्सको चुनौती पनि आइलागेको छ। पहिलो पटक डेनमार्कमा देखापरेको मंकीपक्स पछिल्लो समय अफ्रिकी देशहरूमा फैलिंदै गइरहेको छ। नेपालमा मंकीपक्सको पहिलो र एक मात्र सङ्क्रमण २०८० साल असारमा पुष्टि भएको थियो। नेपालमा रहेकी एक विदेशी महिलामा यसको सङ्क्रमण देखिएको थियो। साथै अहिले संसारमा नै यो फैलिइरहेको अवस्थासँगै नेपालमा पनि यसको चिन्ता थपिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको अनुसार डब्ल्यूएचओले मंकीपक्स भाइरसको सङ्क्रमणलाई विश्वभर स्वास्थ्य आपतकाल घोषणा गरेको छ। यसलाई ग्रेट थ्री इमरवेन्सीको क्याटेगोरीमा राख्नुको अर्थ

यस भाइरसप्रति सबैजना सतर्क रहन जरुरी छ। त्यसैले यसप्रति पनि म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यान आकर्षण गराउन चाहन्छु।

साथै अस्ति हाम्रो माननीय वामदेव गौतमज्यूले पनि हिमतालको कुरा गर्नुभएको थियो र मलाई पनि यसमा केही कुराहरू राख्न मन लागेको छ। हाम्रो देशमा २१ वटा हिमताल विष्फोटको जोखिममा रहेको छ। विष्फोटको जोखिममा रहेका ४७ हिमताल नेपाल, भारत र तिब्बतमा रहे पनि ती सबैको असर नेपालमा नै पर्ने गर्छ। ३६२४ हिमताललाई कोशी, गण्डकी र कर्णाली जलाधारमा समावेश गरिएको छ। यीमध्ये ४२ कोशी, ३ गण्डकी र २ वटा कर्णाली जलाधारमा पर्छन्। भूगोलका हिसाबले हेर्दा जोखिममा रहेका हिमतालमा २५ वटा तिब्बतमा, २१ वटा नेपाल र एउटा भारतमा पर्छ। जस्तै- इम्जा १ वर्ग कि.मि. र छो रोल्पा १.६ वर्गकिलोमिटरमा फैलिएको जोखिमयुक्त ठुलो हिमतालमा पर्छन्।स-साना ताल फुट्दा विनाश भइरहेको छ भने ठुलो ताल फुट्दा त ठुलै नोक्सानी बेहोर्नुपर्ने हुन्छ। हिमनदी पग्लिएर नयाँ हिमताल बनिरहेका छन्। पहिले प्राकृतिक रूपमा ताल बढिरहेको थियो तर अहिले आएर मानवसिर्जित, जलवायु परिवर्तन तापक्रम वृद्धिका कारण हिमनदी पग्लिरहेका छन्। जसका कारण मानव बस्तीसँगै जलविद्युत्, सिँचाइका परियोजना, नदीका तटीय क्षेत्रहरू जोखिममा पर्ने देखिन्छ। त्यसैले यसप्रति पनि म सरकारको ध्यान सम्माननीय अध्यक्षज्यूमार्फत ध्यानाकर्षण गराउन चाहन्छु।

साथै अन्तमा अस्ति मात्रै अमेरिकामा आफ्नै पतिद्वारा हत्या भएकी ममता काफ्लेको दोषीलाई पनि कडा भन्दा कडा कारवाही होस् भन्न चाहन्छु। आफ्नै नाबालिग छोरीलाई यो संसारमा छोडेर जानुको पीडा र आमा बिनाको यो जीवन त्यो नाबालक छोरीको लागि साँच्चि नै पीडादायी छ। त्यसैले यसको दोषीलाई छिटोभन्दा छिटो र कडा भन्दा कडा कारवाही होस् र उहाँको परिवारप्रति हार्दिक समवेदना, उहाँप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्न चाहन्छु। ममता काफ्ले त एउटा उदाहरण मात्रै हो। उहाँजस्तो कति छोरीहरू, कति चेलीबेटीहरू अझ पनि असुरक्षित छन्। न त घरमा, न त घरबाहिर। त्यसैले उहाँहरूको सुरक्षाप्रति पनि गम्भीरताका साथ हेरियोस् भन्न चाहन्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य डाक्टर अन्जान शाक्य। समय १० मिनेट। यसपछि माननीय सदस्य गंगा कुमारी वेल्वासे।

(१४:३९ बजे) <u>माननीय डाक्टर अन्जान शाक्य (मनोनीत)</u>:- सम्माननीय अध्यक्ष महोदय, दिगो विकास लक्ष्यको तेस्रो लक्ष्यमा राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर पर्दछ। स्वास्थ्य मानिसको

लागि महत्त्वपूर्ण छ। विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्यलाई शरीरसँग मात्र नभई सामाजिक, मानसिक र संवेदनात्मक पक्षसँग जोडेर परिभाषित गरेको छ। दिगो विकास लक्ष्यले यिनै पक्षहरूलाई समेटेर नवजात शिशु मृत्युदर, मातृ मृत्युदर र बाल मृत्युदरलाई घटाउने लक्ष्य राखेको छ। र नेपालले पनि यो लक्ष्यलाई आत्मसात् गर्दै आएको छ।

केही दिन अघि विकास आर्थिक मामिला र सुशासन समिति अन्तर्गतको दिगो विकास उपसमितिको आयोजनामा दिगो विकास लक्ष्य ३ का बारेमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेका थियौं। उक्त कार्यक्रममा मातृ तथा शिशु मृत्युदर घटाउन नेपालका वैज्ञानिकहरूले अपनाएका पद्धति तथा प्रयोगहरूका बारे जानकारी प्राप्त भयो, जुन ज्यादै सराहनीय छ। दिगो विकास लक्ष्यका तेस्रो लक्ष्य सबैको स्वस्थ जीवनको सुनिश्चित गर्दै सबै उमेरसम्म कल्याणको प्रवर्द्धन गर्ने गन्तव्य प्राप्तिका लागि तत्काले आवश्यक कदम चाल्नुपर्ने देखिएको छ। यस सन्दर्भमा केही भन्नु अघि म केही कुरा राख्ने अनुमति चाहन्छु। नीति नियमा आउँदैमा मात्र पनि सरकारले प्राप्त गर्न खोजेको लक्ष्यहरू प्राप्त भएको देखिँदैन। उदाहरणका लागि छाउपडी प्रथाजन्य कुरीति उन्मूलन नीति २०७६ आइसकेको छ। यद्यपि, अहिले पनि हामीले नेपालको कर्णाली तथा सुदूर पश्चिम क्षेत्रका केही जिल्लाहरूमा हेर्ने हो भने यो प्रथा अझै उन्मूलन भएको पाईंदैन। यति मात्र होइन कि कुरीतिहरू अझै पनि हाम्रो समाजमा व्याप्त रहेको छ। लुम्बिनी प्रदेशकै पनि केही स्थानहरूमा दैनिक रूपमा अहिलेसम्म पनि घरभित्रै बुहारीहरूले घरको एउटै शौचालयलाई प्रयोग गर्न नपाउने लगायतका कुरीतिहरू रहेको तथ्य केही अनुसन्धानहरूबाट देखिएका छन्। समाजमा यस्ता अनेकौं कुरीतिहरू छन् जसले गर्दा सरकारले प्राप्त गर्न खोजेका लक्ष्यहरू सही रूपमा व्यवहारमा हासिल हुन सकेको छैन। यसैले हामीले सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्ने भनी विभिन्न योजना तथा कार्यक्रम बनाइरहँदा समाजमा रहेका विभिन्न अरू पक्षहरूको पनि विश्लेषण गर्नुपर्ने हुन्छ, यसतर्फ पनि म सबैको ध्यान आकर्षण गराउन चाहन्छु।

यस्तै संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य सम्बन्धी सन् २०२३ को वार्षिक प्रतिवेदनअनुसार विश्वको प्रगति औसत १२% मात्र रहेको बेला नेपालले भने ६६% अर्थात् दुइतिहाई उपलब्धि हासिल गरिसकेको छ। तर उपलब्धिहरू कुनै लक्ष्यमा कम छन् त कुनै लक्ष्यमा बढी छन्। कम प्रगति भइरहेको लक्ष्यहरूका चुनौतीहरू भने धेरै छन्। यसैले पनि यी चुनौतीहरूमध्ये आमा र नवजात शिशुको मृत्युदर घटाउने लक्ष्यलाई उक्त प्रतिवेदनले चुनौतीपूर्ण समूहमा राखेको छ। नेपालमा मात्रै मृत्युदर जटिल समस्या बन्दै गएको छ। नेपालको दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा १ लाख जीवित बच्चा जन्मँदा आमाको मृत्यु ७० भन्दा कममा झार्ने लक्ष्य राखेको छ। सन् २०३० मा प्रकाशित नेपालको सेन्ससमा आधारित एक अध्ययन प्रतिवेदनमा

औसत मातृ मृत्युदर १५१ प्रति एक लाख जीवित जन्म रहेको छ। उक्त प्रतिवेदनका अनुसार लुम्बिनी प्रदेशमा प्रति एक लाख जीवित जन्ममा मातृ मृत्युदर २०७ रहेको पाइन्छ। सो प्रतिवेदन अनुसार सबै भन्दा बढी मातृ मृत्युदर भएको प्रदेश लुम्बिनी र अति उच्च मृत्युदर भएका जिल्लाहरूमध्ये कपिलवस्तु जिल्ला पाइएको छ। यस्तै सुदूर पश्चिम प्रदेशमा १३०, कर्णाली प्रदेशमा १७२, वागमती प्रदेशमा ९८, कोशी प्रदेशमा १५७, मधेश प्रदेशमा १४०, गण्डकी प्रदेशमा १६१ रहेको छ। यसरी प्रायः सबै प्रदेशहरूमा मा मातृ मृत्युदर बढी नै रहेको देखिन्छ। यो हामी सबैका लागि चिन्ताको विषय हो। यो प्रदेशमा एसडीजी लक्ष्य प्राप्त गर्न सकिन्छ वा सकिँदैन भन्ने अन्तर्राष्ट्रिय चासो पनि बढेको छ।

साथै यसै सन्दर्भमा नेपाल सरकारको स्वास्थ्य मन्त्रालय, प्रदेश सरकार, कपिलवस्तु जिल्ला र यसका पालिकाहरू सबैले यसै विषयमा थप चिन्तित भएर लाग्नुपर्ने देखिन्छ। यस समस्याको समाधानको सन्दर्भमा भने दिगो विकास उपसमितिमा छलफल हुँदा प्राप्त जानकारी अनुसार नेपाल स्वास्थ्य अनुसन्धान परिषद् र नेपाल जनस्वास्थ्य प्रतिष्ठानको संयुक्त पहलमा विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय विश्वविद्यालयसँग परामर्श गरी नेपालका वैज्ञानिकहरूले नै तयार गरेको एउटा सरल र वैज्ञानिक पद्धतिको प्रयोग कपिलवस्तु जिल्लामा प्रारम्भ गरेको छ। यदि यो प्रयोग सफल भयो भने यसले बाँकी अरू प्रदेशहरूमा समेत उल्लेखनीय योगदान दिन सक्ने मैले विश्वास गरेको छु।

सम्माननीय अध्यक्ष महोदय, यसरी मातृ मृत्युदर लक्ष्य बमोजिम नघट्नुमा यसका विविध कारणहरूमध्ये असुरक्षित प्रसूतिकरण, गरीबी, पोषकतत्त्वको कमी, चेतनाको कमी आदि मुख्य हुन्। सन् २०३० सम्म यसलाई घटाएर ७० मा झार्ने लक्ष्य राखिएको छ। यसका लागि सरकार लगायत सबै सम्बन्धित पक्षको ध्यान जान जरुरी देख्दछु। स्मरणीय छ, सन् २०२२ मा नै यसको आवधिक लक्ष्य ११६ थियो। त्यसैले १५१ बाट आगामी ६ वर्षमा कसरी ७० पुर्याउने भन्ने गम्भीर प्रश्न खडा भएको छ। यसर्थ अध्यक्ष महोदय, यस तथ्याङ्कप्रति म सम्बन्धित सबैका ध्यान आकर्षित गर्न चाहन्छु।

यस्तै केही समय अघि मात्र ५ वर्षमुनिका प्रतिहजार जीवित बच्चाहरूमध्ये ३९ बालबालिकाहरूको मृत्यु हुने गरेको छ। जस अनुसार यो दर सुदूर पश्चिम प्रदेशमा सबैभन्दा बढी ६५ रहेको देखिन्छ भने गण्डकी प्रदेशमा सबैभन्दा कम २७ रहेको छ। अहिले भने नवजात शिशुको मृत्युदर २१ छ। तर सन् २०२२ मा नै यसको आवधिक लक्ष्य १६ थियो। २०३० सम्ममा १२ पुर्याउने लक्ष्य छ। यो लक्ष्य हासिल पनि समयमै गर्न सकोस् भनेर सम्बन्धित सबै दत्तचित्तका साथ लाग्नुपर्ने देखिन्छ। यसर्थ, यसतर्फ पनि म सम्बन्धित सबैको सम्माननीय अध्यक्षज्यूमार्फत ध्यानाकर्षण गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, विज्ञानले गर्भवती महिलाहरूको उपयुक्त स्वास्थ्य सेवाप्रति हुने ३ ढिलाइहरू जुन हामीले जानिराख्नपर्दछ। स्वास्थ्य सेवा लिन, निर्णय गर्न, स्वास्थ्य संस्थामा पुग्न र स्वास्थ्य सेवा प्राप्त गर्नलाई आमा र बच्चाको मृत्युको लागि प्रमुख जिम्मेवारी मानेको छ। एक अध्ययन अनुसन्धानले स्वास्थ्य प्रणालीमै भएको सूचनाको सही प्रयोगबाट र स्वास्थ्य सेवा प्रणालीको सुध्रिढीकरणबाट एकातिर आमा र बच्चाको मृत्युदर घटाउने लक्ष्य राखेको छ भने अर्कोतिर एसडीजीको आवधिक अनुगमन गर्ने र वार्षिक प्रगतिको जानकारी उपलब्ध गराउने मोडल विकास गर्ने लक्ष्य राखेको छ। नेपाल जनस्वास्थ्य प्रतिष्ठान र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को संयुक्त पहलमा परीक्षण हुने यो कम खर्चिलो मोडेल नेपाली मोडेल सफल भएको खण्डमा लुम्बिनी प्रदेश र नेपालकै सम्पूर्ण जिल्लाहरूमा तिनका विशिष्ट परिवेश अनुरूप परिमार्जन गर्दै यसको सेवा विस्तार गर्न सकिनेछ। अहिलेसम्म वर्षेनी मृत्युदरमा ६% मात्रै आएको देखिएको छ तर अहिले परिषद् र जनस्वास्थ्य प्रतिष्ठानले प्रयोग गरेको पद्धति अपनाइयो भने मृत्युदरमा २५% सम्म वर्षेनी कम हुने आंकलन छ। यसतर्फ संघीय प्रदेश, स्थानीय सरकार र सबै विकास साझेदारहरूको ध्यान जान जरुरी देखिन्छ। यसै सन्दर्भमा मैले भर्खरै मात्र उल्लेख गरेको ३ ढिलाइबाट बचाउन सकियो भने लुम्बिनी प्रदेशमा पनि ७० को लक्ष्य प्राप्त गर्न सम्भव हुने छ र सन् २०३० सम्ममा अन्य प्रदेशहरूमा पनि दिगो विकास लक्ष्य ३ हासिल गर्न सम्भव रहेको मैले विश्वास गरेको छु।

सम्माननीय अध्यक्ष महोदय, गर्भवती महिला र नवजात शिशुहरूको जीवन रक्षाको लागि पोषण लगायत आधारभूत सामाजिक सुरक्षाको प्रत्याभूति हुन आवश्यक छ। यस्तै केही समय अघिको तथ्याङ्कअनुसार नेपालमा प्रतिलाखमा ५८ महिलाले मात्र दक्ष प्रसूतिकर्मीको सहयोगमा प्रसूतिकरण गराएको पाइएको छ। प्रदेश अनुसार हेर्ने हो भने यो अनुपात सबैभन्दा बढी प्रदेश ५ मा ६५ छ भने सबैभन्दा कम प्रदेश २ मा ४५ रहेको छ। यसैगरी प्रदेश १ मा ४८, प्रदेश ३ मा ५२, गण्डकी प्रदेशमा ४६, कर्णाली प्रदेशमा ५१ र सुदूर पश्चिम प्रदेशमा ५२ रहेको छ सन् २०३० सम्म यो अनुपातलाई बढाएर ९० पुर्याइनुपर्दछ। यसतर्फ पनि सम्बन्धित सबैको ध्यान जाने नै छ भन्ने मैले आशा राखेको छु। विशेष गरेर महिला स्वयम्सेविकाहरूलाई पनि आवश्यकता अनुसार जनचेतना अभिवृद्धि गर्नलाई सम्बन्धित क्षेत्रहरूमा महिलाहरूलाई सहयोग र समन्वय गरिदिनका लागि समेत सही तरिकाले परिचालन गर्न सकेमा दिगो विकासको लक्ष्य हासिल गर्न केही भए पनि मद्दत पुग्न जानेछ। यसतर्फ पनि नेपाल सरकार तथा सम्बन्धित सबै निकायहरूलाई संघसंस्थाहरूको सम्माननीय अध्यक्षमार्फत ध्यानाकर्षण गराउन चाहन्छु। नेपालले सन् २०१० मा संयुक्त राष्ट्रसंघको सहस्राब्दी विकास लक्ष्य ५ मा मातृ मृत्युदर कम गर्नेमा उल्लिखित प्रगति

गरेकोले राष्ट्रसंघबाट सम्मानित हुन पाएको थियो। त्यसैले पनि दिगो विकास लक्ष्यमा पनि त्यसरी नै सम्मानित हुने.....(समय सकिएको)।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य, गंगा कुमारी बेलबासे। समय १० मिनेट। यसपछि माननीय सदस्य पदम बहादुर परियार।

(१४:४९ बजे) <u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>ः- सम्माननीय अध्यक्ष महोदय, पूर्ववर्ती सरकारले राम्रो काम गर्दागर्दै जननीतिहरू अख्तियार गर्दागर्दै सरकारबाट बाहिरिने अवस्था सिर्जना भयो। यो सम्झनायोग्य छ र जनताहरूले यो काललाई सम्झिरहनेछन् भन्ने कुराहरू म राख्न चाहन्छु। र म अहिलेको सरकारलाई प्रतिपक्षमा रहेर सहयोग, समर्थन गर्ने मेरो यो काम रहन्छ। र असल कामको समर्थन र खराब कामको चाहिँ आलोचना गर्ने प्रतिपक्षको धर्म गर्नेछु भन्ने कुराहरू म राख्न चाहन्छु। र यस सरकारले अहिले नीति, कार्यक्रम, बजेट अगाडि आइसकेको छ। यसलाई अगाडि बढाएर कामलाई अगाडि बढाओस् र काम सुरु गरोस् भन्ने कुराहरू म राख्न चाहन्छु। उत्पादन, उत्पादकत्व बढाउने काम गर्नेछ भन्ने कुराहरू हामीले बारबार भनिराखेका छौं। कसरी सम्भव छ त्यो कामहरूलाई अगाडि बढाउनका लागि भनेर हामीले व्याख्या, विश्लेषण पनि गरिरहेका छौं। र रोजगारीलाई कसरी घटाउन सकिन्छ भनेर हामीले पटकपटक छलफल गरिराखेका छौं। यी कामहरूलाई अगाडि बढाओस् भन्ने कुराहरू म अगाडि राख्न चाहन्छु।

र कृषि क्षेत्रमा आधुनिकीकरण गर्नका लागि त्यस्ता औजारहरूको उत्पादन गरोस्। कृषिलाई औद्योगिक यो आधुनिकीकरण गरियोस् र औजारयुक्त कृषि बनाइयोस् र हाम्रो नेपालकै फलाम खानीलाई उपयोग गरियोस्। नेपालकै वैज्ञानिकहरूलाई काम दिइयोस् र एउटा बेरोजगारीको अन्त्य र उत्पादकत्व बढाउने कामलाई अगाडि बढाओस् भन्ने कुराहरू म राख्न चाहन्छु। यस्तै गरेर उत्पादनलाई बजारीकरण गर्ने, प्रशोधन गर्ने र औद्योगिकीकरणमा लैजाने कुराहरू गर्न सकिन्छ। प्याकिङ्ग गर्ने, प्रशोधित गरेर प्याकिङ्ग गरेर एउटा स्वच्छ खाद्य उत्पादनहरू गर्न सकिन्छ भन्ने कुराहरू म राख्न चाहन्छु। कृषि, पशुपालन, वनलाई हामीले प्रयोग गर्न सक्छौं। हामीसँग पर्याप्त भूगोल छ, पर्याप्त जङ्गल छ। त्यसलाई हामीले कसरी सदुपयोग गर्ने भन्ने कुराहरू योजना बनाएर हामीले अगाडि बढाउन सक्छौं। भू-उपयोगको नीति पहिलेदेखि नै हामी अनुसरण गरिरहेका छौं। यसलाई अगाडि बढाउनु पर्‍यो। र भू-उपयोग गरेर खोला तटका जमिनहरूलाई उत्पादनमा लगाउनु पर्‍यो। कृषि कार्यमा लगाउनुपर्यो, फलफूल जोनहरू निर्माण गर्नुपर्‍यो। र खेती खोला उकासका

जग्गाहरू लिन पर्‍यो। खोलालाई तटबन्द गर्नु पर्‍यो र खोला उकासका जग्गाहरूलाई कृषिमा लगाउनु पर्‍यो भन्ने कुराहरू म राख्न चाहन्छु।

आन्तरिक उत्पादनलाई जोड दिनुपर्यो। प्रतिस्थापनलाई घटाउनुपर्यो। र निर्यात बृद्धि गर्न पर्‍यो भन्ने कुराहरूमा हामीले जोड दिइराखेका छौं। सरकार तेतातिर लाग्नुपर्यो। कृषि कमसेकम कृषि मन्त्रालय त्येतातिर लाग्नुपर्‍यो। र खाद्यान्न र तरकारीमा आत्मनिर्भर हुनेतिर सरकार जानुपर्यो। कदमहरू चाल्नुपर्यो भन्ने कुराहरू म राख्न चाहन्छु।

देश भित्र ठुलो मात्रामा रोजगारी सिर्जना गर्नका लागि सरकारले कसरी सोचिराखेको छ। ति कामहरूलाई अगाडि बढाउनका लागि अगाडि कामहरू अगाडि बढाइयोस् भन्ने कुराहरू राख्न चाहन्छु। र यस्तै गरेर सरकारी क्षेत्र, निजी क्षेत्र, सहकारी र समुदायलाई प्रयोग गरेर त्यहाँबाट उत्पादनलाई आर्थिक उत्पादन र आर्थिक लगानी सबै ढङ्गले, संयुक्त ढङ्गले, एकीकृत ढङ्गले उत्पादनमा लगाउनुपर्यो भन्ने कुराहरू म राख्न चाहन्छु। कृषि उत्पादनमा आधुनिकीकरण गर्दै भूमिको संरक्षण गर्नुपर्यो। भूमि नरहे हामी कृषि गर्न सक्दैनौं। नदीका किनारका जग्गाहरूलाई पनि हामीले त्यहीं ढङ्गले सदुपयोग गर्ने कुराहरू अघिनै मैले राखिसकेको छु। र कृषिमा हामीले जोडदिँदाखेरि नै हामीले धेरै कामहरू गर्न सक्छौं। र कृषिमा उत्पादकत्व बढाउँदाखेरि मात्रै हामीले हाम्रो कृषिमा हामी आत्मनिर्भर हुन सक्छौं भन्ने कुराहरू म राख्न चाहन्छु। यस्तै गरेर खाद्यान्नमा हाम्रो देशमा नहुने खाद्यान्न कहीं छैन जस्तो लाग्छ। धान, मकैं, कोदो, जौं, फापर, कागुनु, चिनो यी सबै खेती हाम्रो नेपालमा हुन्छ। यस्तै गरेर बलनमा सबै गेडागेडीहरू नेपालमा उत्पादन हुन्छ। यस्तै गरेर पशु पालन, मत्स्य पालन व्यवसायहरूलाई विस्तार गर्नको लागि सरकारले कदमहरू अगाडि बढाओस् भन्ने कुराहरू राख्न चाहन्छु। र कृषि र फलफूलमा आत्मनिर्भर हुने कुरा सरकारले अगाडि बढाओस् र लक्ष्य राखोस् र त्यही लक्ष्यअनुसार काम अगाडि बढाओस् भन्ने कुराहरू म राख्न चाहन्छु।

यस्तै गरेर कृषि उद्योग मिलहरू, प्रशोधन केन्द्रहरू अगाडि बढाउँदाखेरि हामीले धेरै कामहरू गर्न सक्छौं र स्वच्छ र सफा खाना खान पाउँछौं भन्ने कुराहरू म राख्न चाहन्छु। त्यस्तै गरेर फलफूलमा हाम्रो देशमा नहुने फलफूल अन्त छ जस्तो लाग्दैन। अहिले हामी पछिल्लो समयमा ड्र्यागन फ्रुट, किवी, एभोगाडो जस्तो फलफूलहरू पनि उत्पादन गरिरहेका छौं। हाम्रै देशमा हुने स्याउ, ओखर, सुन्ताला लगायतका अरू विभिन्न खालका फलफूलहरू त उत्पादन पहिलैदेखि नै थियो। छँदै छ। यस्तै गरेर अहिले विभिन्न खालका बेरीहरू पनि हाम्रो देशमा उत्पादन हुन्छ। यहाँको मौसम तराईंदेखि पहाडसम्म हिमाली भेगसम्म जाँदाखेरि सबै प्रकारका उत्पादन हुने खालको मौषम छ। त्यसैले यस्ता खेतीहरूमा जोड् दिइयोस्। नगदे बालिमा जोड दिइयोस् भन्ने कुराहरू

राख्न चाहन्छु। र हाम्रै देशमा थुप्रै औषधिजन्य उत्पादनहरू हुन्छन्। मसलाहरू उत्पादन हुन्छन्। र यस्तो नगदे बालिहरूमा पनि सरकारले जोड दिएर उत्पादकत्व बढाउने र रोजगारी घटाउने काममा सरकार लागोस् भन्ने कुराहरू म राख्न चाहान्छु। त्यस्तै गरेर नेपालमा हुने जडीबुटीहरू संसारभरी नेपालबाट कुनै न कुनै तरिकाले चुहावट भएर विदेशमा गइराखेका छन्। त्यसमा आफ्नै उत्पादकत्व हुने र आफ्नै चाहिँ त्यसको उत्पादनको एउटा मापदण्ड निर्धारण गरेर अगाडि बढियो भने हामी जडीबुटीमा पनि अब्बल रहन्छौं भन्ने कुराहरू राख्न चाहन्छु। व्यवसायिक उत्पादनसँग हामीले जोड्यौं भने हामी बेरोजगारीलाई घटाउन सक्छौं भन्ने कुराहरू राख्छु। कृषि भण्डारणलाई भण्डाराणको क्षमता बृद्धि गर्न जरुरी छ। कृषि प्रयोगशालाहरूको विकास गर्न जरुरी छ। र यस्तै गरेर धेरै पटक हामीले उठाइराखेका छौं। अण्डा र मासुमा हामी आत्मनिर्भर बन्दै छौं भन्ने कुराहरू राखिरहेका हुन्छौं। र साँच्चै हामी अण्डा र मासुमा पनि हामी आत्मनिर्भर हुनुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु। यस्तै गरेर हामीले नीति कार्यक्रममा गाँजालाई औषधिय प्रयोगको लागि उत्पादन गर्ने र हामीले कानुन ल्याउँछौ भनेर अगाडि भनेका थियौं। त्यसमा कानुन ल्याउन जरुरी छ। त्यो कानुन ल्याइयोस् र गाँजा उत्पादनलाई जोड दिइयोस् किनभने हाम्रो पहाडी क्षेत्र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको पहाडी बेल्टमा गाँजाको राम्रो उत्पादन हुन्छ र गाँजाबाट हामीले धेरै कुराहरू उत्पादन गर्न सक्छौं। गाँजाबाट बनाइएको लुगाबाट हाम्रो थुप्रै स्वास्थ्यहरूमा सुधार गर्न सकिन्छ। त्यसबाट जुत्ता, मोजा, पन्जा विभिन्न खालका कोट, दौरा सुरुवालहरू सबै खालका लुगाफाटाहरू बनाउन सकिन्छ। र त्यसले स्वास्थ्यमा फाईदा गर्छ भन्ने कुराहरू पुष्टि भइसकेको छ। यस्तै गरेर त्यसको बिउबाट हामीले खाने उत्पादनको सामग्री बन्दछ। मसला यो चाहिँ गेडागेडी त्यहींबाट उत्पादन हुने जुन गेडाहरू छ त्यसलाई हामीले अचारहरूमा प्रयोग गरिराखेका छौं। त्यसैले त्यसैबाट चाहिँ ग्रिन टी बनाएर हामीले औषधिजन्य प्रयोगमा लैजान सक्छौं भने साँच्चै त्यसबाट उत्पादन हुने औषधिय गुणहरूको गुटमा उत्पादन गरिने गाँजा त अझै विशिष्ट खालको छ र त्यसलाई हामीले उत्पादन गर्न सक्छौं र सुरु गरियोस् त्यसको बिल ल्याइयोस् भन्ने कुराहरू म राख्न चाहन्छु। त्यस्तै गरेर नीति कार्यक्रममा ल्याएको नेपाली मदिरालाई ब्राण्डिङ्ग गरिदैं छ भन्ने कुराहरू आएको थियो। लामो समय भइसक्यो हामी नीति कार्यक्रम पास गरेर पनि हामी तीन चार महिना अगाडि बढिसकेका छौं। त्यसलाई ब्राण्डिङ्ग गर्ने प्रोसेसमा चाहिँ जुन कानुनको आवश्यकता पर्छ त्यो ल्याइयोस् र त्यसलाई अगाडि बढाइयोस् यसबाट हामीले उत्पादन र उत्पादन गर्नेछौं बेरोजगारी घटाउने छौं भन्ने कुराहरू म राख्न चाहन्छु।

यस्तै गरेर हामीले हाम्रो नीति कार्यक्रममा १६४ बुँदामा सार्वजनिक प्रशासन शिक्षा, स्वास्थ्य, पर्यटन र सामाजिक विकासको क्षेत्रमा योगदान र स्वजागरणको मौलिक र वैज्ञानिक पद्धतिलाई

मूल प्रवाहीकरण गरी स्वास्थ्य र नैतिकवान् समाज निर्माण गर्न सङ्घ, प्रदेश र स्थानीय स्तरमा योग ध्यानको जागरण अभियान सञ्चालन गरिनेछ भन्ने कुराहरू ल्याएका थियौं। योग ध्यानको सन्देश विश्वभर फैल्याउने गरी योग ध्यानलाई पर्यटन प्रवर्धन गरिनेछ भन्ने कुराहरू हामीले ल्याएका थियौं। र यो यसले स्वास्थ्यमा सुधार गर्दै र यसलाई हाम्रो देशको मौलिकता हो भन्ने कुराहरू चिनाउँदै हाम्रो संसारभरि चिनाउँदै जुन अहिले अगाडि बढिराखेको छ, अभियान अगाडि बढिराखेको छ। विभिन्न खालको योग प्रयोगशालाहरू खुलिरहेका छन् र विभिन्न खालको शिक्षकहरू, गुरुहरू उत्पादन भइरखुभएको छ। यसले गर्दाखेरि नेपालको पर्यटनमा यो क्षेत्रलाई अगाडि बढाउँदैछौं। नेपाली उत्पादनलाई अगाडि बढाउँदैछौ र हामीले सुनिराखेका विभिन्न खालका दुःखद् घटनाहरू जो विदेशबाट आइराखेका छन् नेपालीहरू बाहिर गएर। बाहिर घट्ने घटनाहरूलाई चाहिँ न्यूनीकरण गर्नका लागि र देशमा रोजगारी बढाउनका लागि हामीले ठुलो भूमिका खेल्ने छौं भन्ने कुराहरू राख्दै मेरो आफ्नो भनाइ अन्त्य गर्छु। हवस् त, धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य पदम बहादुर परियार। समय ८ मिनेट।

(१४:५९ बजे)<u>माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस)</u>:-सम्माननीय अध्यक्ष महोदय, भाद्र १३ गतेको राष्ट्रिय सभाको आजको बैठकको विषय समयमा आज खास गरीकन दुईवटा विषयमा मेरो आफ्नो भनाइलाई केन्द्रित गराउन चाहन्छु। त्यो भन्दा अगाडि विगत २१ दिनदेखि काठमाडौंको माइतीघरमा दलित खै? भन्ने अभियान चलाइराखु भएका अभियान्ता खगेन्द्र सुनारको अभियानको पूर्ण सफलताको कामना गर्दै म उहाँको आन्दोलन सँगै रहेको प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, मेरो पहिलो विषय के छ भने नेपाली समाज हजारौं हजार वर्ष अगाडिदेखि यो हिमवत् खण्डमा चल्दै आएको मानिदै आएको हिन्दु धर्म सनातन हिन्दु धर्म र त्यसभित्र चाहिँ चल्दै आएको जातीय व्यवस्था, जातीय छुवाछुतको अभ्यास र त्यो अभ्याससँग सम्बन्धित भएर नेपाली नागरिकहरूले भोग्नु परेको अत्याचारको सन्दर्भमा म अलिकति विश्लेषण गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, म विषयमा प्रवेश गर्नु अगाडि म माननीय जग प्रसाद शर्मालाई विशेष धन्यवाद दिन चाहन्छु। यहाँले विषयको यति राम्रोसँग उठान गरिदिनुभयो। म त्यसको लागि धन्यवाद दिन चाहन्छु। मैले सम्माननीय अध्यक्ष महोदयमार्फत म सम्पूर्ण माननीयज्यूहरूलाई विशेष अपिल गर्न पनि चाहन्छु। महिलाको मुद्दा महिला माननीयज्यूहरूले मात्रै उठाउने, दलितको मुद्दा

दलितको माननीयज्यूहरूले मात्रै उठाउने, जनजातिको मुद्दा जनजाति माननीयज्यूहरूले मात्रै उठाउने, यो अभ्यासलाई तोडौं। हामीले समावेशी हुन हामी आफूबाट सुरु गरौं यो पनि म अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, अघि माननीयज्यूहरूले पूर्ववक्ता माननीयज्यूहरूले कुरा उठाइसक्नु भएको छ कि नेपालको इतिहासमा हजारौं दलित समुदायले यो देश बनाउनको लागि आफ्नो रगत पसिना बगाएका छन्। तर जातकै आधारमा जात नेपालमा अभ्यासमा रहेको जातप्रथाको आधारमा जात सानो भएको भन्ने र जातको आधारमा विभेद गरेर यहाँ जातको विरोध मात्र भएको छैन। ज्यान नै गुमाउन परेको असाध्यै तितो अवस्था छ। अघि माननीयज्यूले पनि लामो लिष्ट चाहिँ सेयर गर्नुभयो। भर्खरै मात्रै सिन्धुपाल्चोक जिल्लाको सुनकोशी-२, ठोकर्पामा एकजना पन्ध्र वर्षकी सन्ध्या रोक्का भन्ने एकजना छात्रालाई आफ्नै स्कुलको छात्रा शिक्षकले चाहिँ अनैतिक काम गरेर उनी चाहिँनी आत्महत्या गर्न बाध्य भएकी छिन। निज मिलन कार्कीलाई चाहिँ प्रहरीले समातेको त छ। तर कारबाही कस्तो हुने हो भन्ने सन्दर्भमा असाध्यै समस्या रहिरहेको देखिन आएको छ। तसर्थ म सम्माननीय अध्यक्ष महोदयमार्फत गृहमन्त्रीज्यूको विशेष ध्यानाकर्षण गराउन चाहन्छु। सन्ध्या मात्रै होइन अघि भनेजस्तै मिना परियार, नवराज वि.क, सिते दमाई, अजित मिजार लगायतका कैयौं दलित नागरिकहरूले जातकै आधारमा भोगेको विभेद र त्योसँग जोडिएर उहाँहरूको ज्यानै तलमाथि भएको अवस्था छ। तसर्थ, यो खालको अवस्था किन आएको छ भने दलित समुदायलाई जसरी जातको आधारमा उँचनीचको भावनाले हेरिएको छ। यो एउटा सामाजिक अपराध हो। जातीय छुवाछुत कसुर ऐनले चाहिँ यो एउटा सामाजिक अपराध हो भनेर भनेको छ। तर यसलाई अझै पनि अभ्यासमा आइरहेको छ। दलित समुदायका व्यक्तिहरूले यस्तो आवाज उठाइरहेका छन्। तर गैरदलित समुदायका राज्यपक्षले यथोचित व्यवहार गर्न नसक्दा दिनहुँ यस्ता खालका घटनाहरू दोहोरिरहेको छ। दिनहुँ समाजमा यस्ता खालका कुराहरू उठाइराखु परेको यस्तो तितो अवस्था भएको हुनाले म सम्पूर्ण चाहिँ सम्माननीय अध्यक्ष महोदयमार्फत सम्पूर्ण नेपाल सरकार र सम्पूर्ण माननीयज्यूहरूको विशेष यसमा चाहिँ ध्यानाकर्षण गराउन चाहन्छु। र म नेपाल सरकारलाई मेरो तर्फबाट सल्लाह दिन चाहन्छु कि समग्र राज्य र नेपाली समाजलाई जातको आधारमा गरिने विभेदको राज्यको कलङ्क हो। यो गर्नु हुँदैन भनेर घोषणा गरियोस्। राज्यले विशेष चाहिँ सरकारले विशेष पहल गरोस् भन्ने अनुरोध गर्न चाहन्छु। राज्यले अझै बढी सरकारले अझै बढी समावेशी बनाएर देशलाई एउटा नमुना बनाउने कुरामा सरकारले सोचोस् भन्न चाहन्छु। देश र समुदायको सशक्तीकरणमा नेपाल सरकारले विशेष कार्यक्रम गरोस् भन्न चाहन्छु र यो देशका

बन्ने सबै नीति र कार्यक्रमहरूलाई दलित समावेशी बनाइयोस् र दलितहरूले यसलाई अपनत्व लिन सक्ने ठाउँमा लिएर आइयोस् भन्ने म अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, दोस्रो विषय म माननीय कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्री यहीँ हुनुहुन्छ। यो सदनमा केही दिन अगाडि असाध्यै अहम् प्रश्न उठेको थियो। यो सरकार बनेको आज लगभग एक महिना केही दिन भइसक्यो। यो सरकार De jure हो की De facto हो? भनेर अहम् प्रश्न उठेको छ। म माननीयज्यूलाई यसमा विशेष ध्यानाकर्षण गराउन चाहन्छु।

सदनमा उठेका यस्ता अहम् प्रश्नहरूको जवाफ सरकारले बेलैमा दिनु सक्नु पर्दछ। सत्ता पक्ष दलको एकजना सांसदको हिसाबले म भन्न चाहन्छु। यो सरकार पहिला De facto हो। राजनीतिक दलहरूले बसेर सहमति गरेँ। त्यो अवस्थालाई विश्लेषण गरेँ। र देशलाई अग्रगमनमा लैजानको लागि दुईवटा दल मिल्न पर्छ भनेर सहमति गरेँ। तसर्थ यो सरकार De facto हो। र यो सरकार De jure पनि हो किनभने यो सरकार संविधानको धारा ७६ को (२) अनुसार बनेको छ। संविधान अनुसार बनेको छ। तसर्थ यो सरकार De jure पनि हो। तसर्थ म माननीय मन्त्रीज्यू लगायत सरकारलाई सदनमा उठेका महत्त्वपूर्ण विषयको बारेमा बेलैमा जानकारी लिने र बेलैमा त्यसको जवाफ दिने सन्दर्भमा पनि सचेत रहनको लागि म सम्माननीय अध्यक्षज्यूमार्फत चाहिँ अनुरोध गर्न चाहन्छु। यति कुरा राखेर मेरा आफ्ना भनाइलाई यहीँ अन्त्य गर्न चाहन्छु। हवस् त, धन्यवाद।

(१५:०८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, माननीय सदस्य गोपाल भट्टराईलाई सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिबाट विधायन व्यवस्थापन समितिमा स्थानान्तरण गरेको छु।

माननीय सदस्यहरू, विषयगत समितिका लागि माननीय सदस्यको समिति स्थानान्तरणलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, विषयगत समितिका लागि माननीय सदस्यको समिति स्थानान्तरणलाई सभाको सहमति भएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब म, विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई "विधायन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन, २०८०/८१" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१५:०९ बजे) <u>विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईः-</u> सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम विधायन व्यवस्थापन समितिको कार्यक्षेत्र अन्तर्गत सभाबाट प्राप्त विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन ऐन कार्यान्वयन मापन तथा अध्ययन, अनुसन्धान र सङ्घीय इकाईहरू बिच विधायिकी अन्तरसम्बन्धसम्बन्धी विषय रहेको छ नै। समितिले नेपालको संविधान प्रचलित कानुन राष्ट्रिय सभा नियमावली, २०७५ र संसदीय परम्पराभित्र रही आफ्नो कर्तव्य र जिम्मेवारी निर्वाह गर्दै आइरहेको छ। समितिमा दफावार छलफल गरी सभामा प्रतिवेदन पेस गर्नका लागि राष्ट्रिय सभाबाट पठाइएका विधेयक माथिको छलफलको क्रममा विभिन्न चरणमा सम्बद्ध विभागीय मन्त्री, संशोधनकर्ता, माननीय सदस्यज्यूहरू, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र सम्बन्धित मन्त्रालयका सचिव लगायत सम्बद्ध पदाधिकारीहरू, विषय विज्ञ, नागिरक समाज, सरोकारवाला लगायतलाई बैठकमा आमन्त्रण गरी छलफल गर्दै सबैको सहमति विधेयकलाई समृद्ध बनाउने कार्य गर्दै आएको छ। त्यसैले ऐन कार्यान्वयनको मापन तथा अध्ययन अनुसन्धानको कार्यलाई व्यवस्थित गर्न समितिले सुरुवाती समयमा नै ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धानको लागि एक कार्यविधि बनाई सोही अनुरूप कार्य गर्दै आएको छ।

सम्माननीय अध्यक्ष महोदय, यस प्रतिवेदनमा २०८० साउन १ गतेदेखि २०८१ असार मसान्तसम्म समितिबाट भए/गरेका काम कार्यवाही, विधेयकहरूको अवस्था, सदस्यहरूको उपस्थिति, निर्णय र प्रतिवेदनहरू समावेश गरिएको छ। अब यस अवधिमा औपचारिक रूपमा जम्मा ६४ वटा बैठक सम्पन्न भएको छ। ती बैठक मध्ये ४३ वटा बैठक विधेयक व्यवस्थापनको कार्यमा १४ वटा ऐन कार्यान्वयन मापनसम्बन्धी कार्यमा एउटै बैठक अध्ययन अनुसन्धानको कार्यमा र ६ वटा बैठकमा अन्य विषयमा छलफल भएका थिए। समितिमा प्राप्त विधेयकमा दफावार छलफल गर्नुपूर्व विषय विज्ञ, कानुनविद् सरोकारवालाहरूसँग अवधारणात्मक तथा सैद्धान्तिक छलफल गर्ने अभ्यास रहेको छ। यस आर्थिक वर्षमा समितिमा ८ वटा विधेयक प्राप्त भएको छ। ६ वटा विधेयक उपर छलफल गरी विधेयक सम्बन्धी समितिका प्रतिवेदनहरू सभामा पेस गरिएका छन्। समिति गठन भए यता हालसम्म समितिले राष्ट्रिय सभामा उत्पत्ति भएका ४५ वटा विधेयक र प्रतिनिधि सभाले पारित गरी राष्ट्रिय सभामा पठाएका विधेयक मध्ये समितिमा प्राप्त २८ वटा गरी

कुल ७३ वटा विधेयकको व्यवस्थापन गरिएको छ। त्यस्तै समितिले स्थानीय तहको कानुन निर्माण प्रक्रियाका सम्बन्धमा बागमती, कोशी र गण्डकी प्रदेशमा गरी कुल ६ वटा स्थानीय तहमा पुगी कानुन निर्माण प्रक्रियाका सम्बन्धमा अध्ययन प्रतिवेदन तयार गरी सभामा प्रस्तुत गरेको छु। यसका साथै खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन, २०७५ को दफा १९ मा रहेको कानुनी व्यवस्थाको कार्यान्वयन, मापन, अध्ययन सम्पन्न गरी सभासमक्ष प्रतिवेदन पेस गरेको छु। सभामा प्रतिवेदन पेस भएपश्चात कृषि तथा पशु पन्छी विकास मन्त्रालय र वन तथा वातावरण मन्त्रालयसँग थप छलफल गरी सुझाव कार्यान्वयनका लागि दुवै मन्त्रालयलाई पत्राचार समेत गरिएको छ। साथै बालबालिका सम्बन्धी ऐन, २०७५ का विभिन्न दफाहरूमा रहेका बालबालिकाको सहभागितासम्बन्धी विषयको कार्यान्वयन मापन गर्ने क्रममा छ।

सम्माननीय अध्यक्ष महोदय, समिति गठन भएको छैटौं वर्ष पूरा भएको छ। यस अवधि समितिले राष्ट्रिय सभामा उत्पत्ति भएका र प्रतिनिधि सभाबाट सन्देशसहित राष्ट्रिय सभामा आई सो सभाबाट यस समितिमा पठाइएका सबै विधेयकहरूमाथि छलफल गरी यस समयमा नै प्रतिवेदनहरू पेस गरेको छ। विधेयक उपरको छलफलमा समितिबाट केही नयाँ अभ्यासहरूलाई संस्थागत गरिएको पनि छ। ऐन प्रारम्भ हुने समयमा परिवर्तन ऐन कार्यान्वयनमा मापनसम्बन्धी प्रावधान थप प्रत्यायोजित विधायनमा उपयुक्त अङ्कुश तजबिजी अधिकारका न्यूनीकरण र सङ्घीयता र समावेशी सिद्धान्तमा जोड समयपालन, उपयुक्त तथा मर्यादित शब्दावली चयन आदि स्थापित गरेका विषय हुन्। अन्त्यमा समितिको कार्यमा सहयोग गर्ने समितिका सबै माननीय सदस्यहरू, नेपाल सरकारका मन्त्रीहरू, विभिन्न मन्त्रालय एवम् निकायका सम्बद्ध पदाधिकारी, विज्ञ तथा विद्वान् वर्ग, सरोकारवाला सङ्घ संस्था र सञ्चार जगतका साथी, सङ्घीय संसद् सचिवालय र समिति सचिवलाई धन्यवाद दिँदै भविष्यमा पनि निरन्तर सहयोग प्राप्त हुने अपेक्षा गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ को उपनियम ४ बमोजिम सभासमक्ष समितिको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक प्रतिवेदन पेस गर्दछु। धन्यवाद।

(१५:१५ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब म, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियालाई "नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:१६ बजे) <u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसिया:-</u> सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:१६ बजे) <u>सम्माननीय अध्यक्ष:-</u> माननीय सदस्यहरू, अब म, "नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

- "हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ "नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

(१५:१७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल भदौ १८ गते मङ्गलबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल भदौ १८ गते मङ्गलबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

स्थगित: १५:१७ बजे।